# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan



जापानमा विदेशीहरूको सर्वाधिक रोजाईमा पर्न सफल जापान इन्टरनेट

इन्टरनेट र १० मिनेट फ्रि कल मात्र ६९९ येन

उच्च गतिको इन्टरनेट सहित नि:शुल्क कल सेवा

- १ जिबी देखि २५ जिबी डाटा सहितका विभिन्न सिम प्लानहरू छन्।
- ३0 जिबी र १00 जिबीको पकेट वाइफाई उपलब्ध छ।
- बाध्यताकारी करार अवधि छैन, डिपोजिट आवश्यक पर्दैन।
- सेवा बन्द गर्दा कुनै शुल्क लाग्दैन।
- एक दिन मात्र भिसा भए पनि ओके, ब्ल्याकलिष्ट पनि ओके।
- होम डेलिभरिको सुविधा छ।

कल सिम | डाटा सिम | पकेट वाइफाइ | होम वाइफाइ

थप जानकारीका लागि | Facebook | Whatsapp

JAPAN INTERNET
TOKYO, OKUBO STORE
TEL. 03-5937-2465 (Bilingual Support)
160-0023 Ai Ai Buldg. 3F, 7-6-8 Nishishinjuku, Shinjuku-ku, Tokyo
Web: www.hsbjapan.com



वर्ष १४छ, अंक १, २०७९ कार्तिक १६-३१, मूल्य : १00 येन

Vol. 15, No. 1 September 1-15, 2022, Price : ¥ 100


# जापानमा कामदार पठाउन 'प्रोटोकल' तयार




❑ **नेस डेस्क**

काठमाडौं – जापान र बेलायतमा सरकारी स्तरबाट कामदार पठाउन आवश्यक पर्ने मापदण्ड (प्रोटोकल) तयार भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाली कामदार पठाउन आवश्यक पर्ने मापदण्ड तयार गरेको हो ।

उक्त मापदण्ड मन्त्रिपरिषदले पारित गरेसँगै कार्यान्वयनमा जानेछ । जापानमा कामदार पठाउने प्रक्रिया समेत चुनावपछि मात्रै अगाडि बढ्ने भएको


>>> बाँकी पृष्ठ ७ मा


# निर्वाचन भयरहित बनाउछौं - थपलिया



दिनेशकुमार थपलिया
प्रमुख निर्वाचन

❑ **नेस डेस्क**

काठमाडौं – आगामी मंसिर ४ गते आइतबार प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन नजिकिँदै गर्दा देशभर निर्वाचनको सरगर्मी बढ्न थालेको छ । दल र उम्मेदवार प्रचार अभियानको दौडधुपमा छन्, निर्वाचन आयोगले आचारसंहिता पालनालगायतका विषयमा कडाइ गर्न थालेपछि अनेकथरीका टीकाटिप्पणी पनि हुँदैछन् । कतिपय निर्णयहरु आलोचित बनिरहेका छन् । आयोगमाथि भएको आलोचना र चुनावी तयारीका विषयमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः-


>>> बाँकी पृष्ठ ७ मा



जापानमा जुनसुकै सेवाका लागि तपाईंको सारथी

एभरेष्ट ट्रेड

नेपालीका लागि नेपाली फुदोउसान

हाम्रा सेवाहरु

- कोठा कार्यालय तथा पसल चाहिएमा
- नेपाल जान-आउन हवाई टिकट चाहिएमा
- नेपाल पैसा पठाउन परेमा
- लेखा परिक्षण (जेइरिसी) सेवा चाहिएमा
- जापानका विभिन्न स्थानमा रोजगारी चाहिएमा
- भिसा, कर्जा, व्यवसाय सम्बन्धि नि:शुल्क परामर्श सेवा

सम्पर्क

EVEREST TRADE Co. Ltd.
〒169-0073
東京都新宿区百人町2-4-5ライオンズマンション新大久保604
Lions Mansion Shinokubo 604, Hyakunincho 2-4-5
Shinjuku, Tokyo, Japan 169-0073
Mob: 080-9665-0800 (Viber OK)
Tel: 03-5937-0937 Fax: 03-5937-0937
www.kkeveresttrade.com | www.everesttrade-japan.com astalaxmitravel@gmail.com/yahoo.com



फुल टाइम तथा पार्ट टाइम कर्मचारीको आवश्यकता

BUILDING CLEANING

**१. तलव:**
(क) फुल टाइम: २० देखि २२ मान (मासिक)
(ख) पार्ट टाइम: १२३० देखि १३०० येन (प्रतिघण्टा)

**२. काम गर्ने समय:**
(क) साधारणतया: विहान ६:३० बजेदेखि १५:३० सम्म
(ख) काम गर्ने घण्टा र समयको विषयमा सल्लाह गर्न सकिने
(विदाको दिन: शनिवार, आइतवार, सरकारी विदा)
(ग) काम गर्ने समय काम गर्ने स्थलको आधारमा फेरवदल हुन सक्नेछ ।

**३. काम गर्ने स्थान:**
(क) टोकियो भित्र (काम गर्ने स्थानको बारेमा पनि सल्लाह गर्न सकिनेछ)
(ख) योकोहामा, चिवा, अन्य

**४. सेवा तथा सुविधा:**
(१) गयल नभएर सबै दिन काम गर्नेलाई ३००० येन थप दिइनेछ । (पार्ट टाईमको हकमा हप्तामा ५ दिन बढी काम गर्नुपर्नेछ ।)
(२) यातायात खर्च: उपलब्ध
(३) बस्ने कोठा (फुल टाइमरको लागि), पोशाक
(४) कर्मचारी बढुवा प्रणालीको व्यवस्था, तलव वृद्धि प्रणालीको व्यवस्था
(५) अनुभव नभएकाहरूलाई पनि स्वागत छ । विशेष अनुभव नचाहिने, कम्पनीमा काम गर्न थालेपछि लामो समयसम्म यही कम्पनीमा काम गर्न चाहनेहरूलाई प्राथमिकता
(६) कम्पनीमा आबद्ध भएपछि जापानी तथा अंग्रेजी भाषामा प्रशिक्षण प्रणालीको व्यवस्था
(७) जन्मदिनमा ३००० येनको कुपन सहित सामूहिक फोटो उपहार
(८) स्योउखाई गरेको व्यक्तिले ३ महिना भन्दा बढि काम गरेमा ५ हजार इनाम

**५. वायोडाटा**
हुलाक तथा इमेल गरेर पठाउन सक्नुहुनेछ ।

सम्पर्क

@S-RB

सिनएइ फुदोउसान कं. लि.
सम्पर्क: कुबो, माचुनामी
Phone : 03-5287-1007
Fax:03-5287-1076
Email:info@s-mt.co.jp Website : s-mt.co.jp
Address:
東京都新宿区新宿6-24-16新宿6丁目ビル6階
(अन्तरवार्ता पनि यहीं हुनेछ । चिकातेचु हिगासी सिन्ज्युकु स्टेशनबाट पैदल ५ मिनेट ।)



I ♥ Nepal

Zeirishi/Visa support office
जेईरिशी/भिसा सपोर्ट अफिस

TAX & VISA
ट्याक्स एण्ड भिसा

- **इमिग्रेसनमा भिसा एप्लाई गर्न ।**
  - वर्किङ भिसाको नवीकरण तथा परिवर्तन ।
  - बिजनेश भिसा बनाउनु परेमा ।
  - डिपेन्डेन्ट भिसामा जापान बोलाउनु परेमा
  - भिजिट भिसाका लागि डकुमेन्ट बनाउनु परेमा ।
- **ट्याक्स अफिसका लागि डकुमेन्टेसन गर्नु परेमा ।**
  - कम्पनीको फाइनान्सियल हिसावकिताव गर्नु परेमा ।
  - कम्पनीको ट्याक्स हिसावकिताव गर्नुपरेमा ।
- **सिटी कार्यालयमा गेनसेन पेपर पेश गर्न ।**
  - गेनसेन पेपर बनाउन ।
  - स्यालरीको ट्याक्स हिसावकिताव गर्न ।

Licensed tax accountant
लाईसेन्स प्राप्त जेईरसी
Gyoseisyoshi Lawyer
इमिग्रेसन भिसा वकिल

OGAWA BUNKEI
ओगावा बुन्केई

नेपाली मोवाईल : 070-4339-4972
जापानी मोवाईल : 090-2528-3400

〒115-0045
Tokyo-to Kita-ku Akabane 1-10-4-2floor
TEL 03-6903-8817 FAX 03-6903-8819



शिन-ओकुबोमा नयाँ नेपाली फुदोसान

'तपाईंको सन्तुष्टि हाम्रो सफलता, भरपुर विश्वसनियता हाम्रो प्रतिबद्धता'

सेवामा हाजिर छौं ।

- 01 कि-मनी नलाग्ने सस्तो कोठा तथा अफिस चाहिएमा
- 02 रेष्टुरेन्ट गर्नका लागि सस्तो ठाउँ चाहिएमा
- 03 चालु अवस्थाको रेष्टुरेन्ट किन्नुपरेमा वा विक्री गर्नुपरेमा
- 04 सिंगो घर वा फ्ल्याट किन्नुपरेमा
- 05 नेपाली, जापानी, हिन्दी, अंग्रेजी बोल्ने स्टाफ उपलब्ध

सम्पर्क

株式会社REAL STYLE
Contact: +8170-2332-6833 (For Nepali & English)
Contact: +8180-1317-6859 (For Japanese)
Tel/Fax: 03-5937-3899
Email: skato.eb@gmail.com
〒169-0073 Tokyo-To, Shinjuku-Ku, Hyakunincho 2-4-5 Lions Mansion Shinokubo (804)
बाराही हलाल फुडको अगाडि 100 Yen Shop भएको Building को आठौं तल्ला








स समुद्रपारि
क्षणभरमै संसारभरि सूचना र सञ्चारका लागि समुद्रपारि डट कम
www.samudrapari.com

## सम्पादकीय

# आम निर्वाचन : प्रवासको भूमिका

अबको पाँच वर्षका लागि देशको राजनैतिक कोर्सको निर्धारण गर्ने मंसिर ४ नजिकिदैं गर्दा प्रवासमा रहेका हामी नेपालीहरूलाई पनि चासो, चिन्ता र सरोकार हुनु स्वभाविकै हो । सचेत मतदाताहरूको ठूलो हिस्सा विदेशमा छ भन्दा फरक नपर्ला । जुन हिस्सा यदि स्वदेशमै हुन्थ्यो भने निर्णायक भूमिकामा ठोस टेवा पुऱ्याउन सकिन्थ्यो भन्न सकिन्छ । दशकौंदेखि ब्याप्त राजनैतिक अस्थिरताका कारण देश बिकासमा अवरोध सिर्जना भएको हरेक सचेत नेपालीलाई अवगत छ । हरेक पाँच वर्षमा आउने आवधिक निर्बाचनमार्फत जनताले आफ्नो मतको सहि सदुपयोग गरेर दलहरूको हैसियत कायम गरिदिन सक्दछन् । यतिबेला हाम्रोसामु सोही अवसर आएको छ । मुश्किलले आउने यस्तो अवसरमा अब देशको बागडोर सम्हाल्ने जिम्मा कुन दल वा शक्तिलाई प्रदान गर्ने भन्ने हरेक सचेत नेपालीहरूले गम्भीर भएर सोच्ने बेला हो यो । अर्को पाँच वर्ष फेरि पछुताउन नपर्ने गरी सहि विवेकको प्रयोग गर्न गराउन हामी प्रवासबाटै भए पनि संभावित पहलहरू गर्न सक्छौ, यस कार्यमा हाम्रो सक्रियता र सकारात्मक भूमिका अपरिहार्य देखिन्छ ।


समय परिवर्तनशील छ, परिवर्तित समय र सन्दर्भमा मुलुक र जनताको हितको खातिर कथाले मागेमा हामी पुर्ख्यौली पदचाप पछ्याईरहनु पर्छ भन्ने छैन, दिशा परिवर्तन गर्न पनि तयार हुनुपर्छ । लामो समयदेखि नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट देशमा आधारभुत तहमा प्रणाली परिवर्तन त भयो तर प्रणालीले ब्यवस्था गरेअनुरूपको जनताका जनजिबिका र रोजीरोटीसंग सम्बन्धित अवस्थामा परिवर्तन भएन । यसो हुनुमा मुख्यतयाः पात्र र प्रवृत्ति दोषी देखिन्छन् । नीतिहरूको पनि मुलनीति राजनीति सङ्लो नहुँदा यो समस्या झांगिदै गएको पाईन्छ । खोटा सिक्कालाई जनताको भोटद्वारा पटक पटक लालमोहर लगाएर चोख्याउने काम विगतमा जो भएको छ, जसले गर्दा देश र जनताको हविगत अहिलेको हालतमा आईपुगेको तीतो सत्यलाई मनन् गर्दै अब पुनः गल्ती नदोहोऱ्याउने हो भने देश उभों लाग्न बेर लाग्दैन । नेपालीलाई चाहिएको भनेको शान्ति र सुशासन सहितको समृद्धि नै हो । यसको ग्यारेन्टी पहिलो सर्त हुनुपर्छ, उधारो सपनामा अमुल्य मत खेर फाल्नु भनेको उज्यालो भविष्यलाई छोडेर अन्धकार भविष्यलाई रोज्नु हो । त्यसैले निर्वाचनको बेला भोट आकर्षित गर्न जे जस्तो खोक्रा नारा लगाए पनि उनीहरूको विगत, क्षमता र इच्छाशक्ति हेरेर आफ्नो मतको सदुपयोग गर्न आफ्नो घरपरिवार, साथीभाइ र आफन्तलाई सरसल्लाह मात्र दिन सक्यौं भने यसले निकै ठूलो अर्थ राख्दछ ।

यसपटकको निर्वाचन हरेक हिसाबले महत्वपूर्ण त छँदै छ । निर्वाचनले लोकतन्त्रको निरन्तरतालाई सुनिश्चित गर्नुका साथै राजनीतिक दल र त्यसको नेतृत्व क्षमताको पनि मूल्याङ्कन पनि गर्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जनताले दशकौंदेखि सँधै राजनीति र उम्मेदवारलाई आशा, भरोसा र विश्वास दिए । तर विश्वास दिएकै दिनदेखि उनीहरूको अपेक्षामाथि निर्लज्ज प्रहार यहाँको नियति बनेको छ ।

हालसम्मको गतिबिधि हेर्दा असफल प्रमाणित भइसकेका नेतृत्वको विकल्प दिने कुनै छाँट देखिदैंन । निर्वाचनका लागि जे-जस्ता गठबन्धन बनेका छन् तिनीहरु देशको आर्थिक-सामाजिक रूपान्तरणका लागि नभएर निर्वाचनपछि को प्रधानमन्त्री हुने र को-को राष्ट्रपति, उपराष्ट्रपति वा मन्त्री बन्ने भन्ने प्रयोजनका लागि भएको देखिन्छ । मान्छेले घर बदल्छ, साथी बदल्छ तर पनि दुखी नै हुन्छ किन भने उसले आफूलाई बदल्न सक्दैन । हुन त आशा र भविष्यबिनाको समाज जीवन्त रहन सक्दैन, त्यसकारण आशावादी हुन आवश्यक छ । तर आशावादिता यथार्थमा आधारित हुनुपर्छ । नेपालको उन्नति, प्रगति र वास्तविक समृद्धिका लागि ठोस र इमान्दार प्रयत्नको आवश्यकता छ । यसपटकको निर्वाचन र यसको परिणामले देशमा उज्यालो भविष्यको सुनिश्चित गर्न सकोस् भन्ने अपेक्षा गरौं ।

के तपाई पुस्तक लेख्ने सोचमा हुनुहुन्छ ?

जीवनका अविस्मरणीय घटना तथा क्षण
प्रवास भोगाइका तीता, मीठा अनुभव
अनि मनमा सँधै छचल्किरहने भावना,
यात्रा-नियात्रा संस्मरण, जीवनी
लगायतका बिषयवस्तु समेटिएको
पुस्तक प्रकाशन गरेर
लेखक बन्न चाहानुहुन्छ भने
हामीलाई सम्पर्क गर्नुहोला ।



साथै कथा संग्रह, कविता संग्रह, गजल संग्रह,
उपन्यास लगायतका साहित्यिक प्रकाशन तथा संघसंस्थाहरूका
संस्थागत मुखपत्र, स्मारिका, बिधान लगायतका दस्ताबेज प्रकाशन
गर्नुपरेमा पनि हामीलाई सम्झनुहोला ।

080-4150-5314

GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

# भेटिएन दुख बढार्ने कुचो



विचार

✍ संकेत कोइराला

**नेताले थर फेरे, गाडी र घर फेरे, किड्नी फेरे, गलैंचा फेरे, आस्था र स्वाभिमान फेरे, नियत र औकात फेरे, जवाफदेहीता र बफादारी फेरे । जनताले मत फेरेनन् । जस्तोसुकै प्रतिकूल परिस्थितिमा कन्यादान छोडेर मतदानको लाइनमा उभिए । देश बनाउन मतमार्फत म्यानेजर बनाएका नेताहरु खजान्चीभन्दा माथि उठेनन् । नारामा तीन करोड जनताको व्यवस्थापन गर्ने संकल्प गरेपनि परिवार र झोला बोक्नेहरुको स्वार्थ समूह उनीहरुमाथि हावी बन्दै गयो ।**

एक पटक एउटा चित्रकारले निकै सुन्दर चित्र बनायो । आफूले बनाएको चित्र बाटोमा राखेर मानिसको सुझाव संकलन गर्ने निधो गरेर लेख्यो-'यो चित्रमा नमिलेको ठाउँमा गोलो चिन्ह लगाउनु होला ।' आफ्नो चित्रमाथि मानिसले के कस्तो प्रतिक्रिया दिए भनेर साँझपख हेर्न जाँदा देख्छ त उस्को चित्र चिन्नै नसकिने गरी गोलो गोलो रंगले सर्वत्र कोरिएको थियो । उदास भएर घर फर्किन लाग्दा यो दृश्य नजिकबाट नियालिरहेका एक बृद्धले चित्रकारलाई ढाडस दिँदै भोलि पनि त्यो चित्रको अर्को प्रति त्यसैगरी बाटोमा राख्न सुझाव दिए । उनले त्यसमा भाषा सच्याउँदै लेख्न लगाए - 'यो चित्रमा नमिलेको ठाउँमा जो कसैले मिलाई दिनुभए कृतज्ञ हुने थिएँ ।' बृद्ध मानिसको सुझावअनुसार चित्रकारले सन्देश लेखेर बाटोमा राखिदिए । चित्र लिन जाँदा आश्चर्य त्यो चित्र जस्ताको तस्तै थियो । यो दृश्य देखाउँदै बृद्धले सम्झाए- 'देख्यौ नि संसारमा गल्ती त सबैले औंल्याउँछन् तर गल्ती सच्याउने कोही हुँदैनन् ।'

०७ सालको क्रान्ति सफल भएपछि सात दशक बढी समय धैर्य गर्दा पनि नेपाली जनताले दुख बढार्ने कुचो अझै भेटेनन् । राणा, राजा मिल्काएपछि सुदिन शुरू हुने नेताहरूको आश्वासन उनीहरूकै लागि फलिफाप भयो । जनता सिंढीमा सीमित भए । नेताहरूले गुमेको नेपाली भूमि फिर्ता ल्याउने प्रण त गरे तर सिंहदरबारको चौकोस नाघेर बाहिरिने जाँगर कसैमा देखिएन । संघीयता आएपछि तलसम्म शक्ति फैलिन्छ, राज्य सत्तामा जनताको पहुँच बढ्छ भन्ने आदर्श मिथ्या सावित भयो । बरू काठमाडौं बाहिरको स्रोत, साधन र सामर्थ्य निचोरेर काठमाडौंलाई धाक रवाफ र बैभको शो रूम बनाउने प्रतिस्पर्धालाई नेताहरूले नै मलजल गरे । राणाले बनाइदिएको घरका भित्तोमा यताउता गर्नमै गणतन्त्रका नेताहरूको डेढ दशक समय स्वाहा भयो । राणा, राजाले चढेका गाडीघोडा र फौजीलाई पछौटे बनाएर आत्मरतिको इतिहासलाई नेताहरूले आफ्नो जीवनमा हुबहु उतारे । त्यतिमात्रै त जनताले सहेकै थिए तर राजनीतिलाई सटर नै खोलेर गठबन्धनका नाममा संगठित अपराध गर्ने प्रपञ्चलाई जनताले अनुमोदन गरेकै थिए । तर राणाझैं गर्भमा रहेका सन्तानलाई पद बाँड्नेसम्मको भद्दा शैली पछ्याउने क्रम बढ्दा आलोचना शुरू भयो । स्टीलको गिलासमा लुकाएर मदिरा पिउने पाखण्डपूर्ण बठ्याइँ नयाँ पुस्ताको नजरमा पच्न छोड्यो । आफ्नो छोराको जवानी पैचो लिएर भोगविलासमा रमाउने धार्मिक पात्र यायाति ऋषिको अवतार जनताले नेताको तस्वीरमा देख्न थाले । विगत तीन दशकदेखि विश्व राजनीतिमा थुप्रै राजनीतिक खेलाडी फेरिए । सतहमा देखिएका कुनै नेता त्यसबेला राजनीतिक रिङभित्र थिएनन् । शेरबहादुर देउवा तीन दशकअघि गृहमन्त्री हुँदा नरेन्द्र मोदी, सी जिनपिङ, भ्लादिमिर पुटिन, जो बाईडेनजस्ता शक्ति राष्ट्रका सारथीको छायाँ पनि सतहमा देखिएन, थिएन । अब त सात वर्षअघि राजनीतिमा आएका ऋषि सनकले लोकतन्त्रको जननी बेलायतको कार्यकारी नेतृत्व लिइसकेका छन् । तर नेपालमा भिजन हैन, चुनावमा एकदिन भोजन गराउने त्यही मानसिकताले एकछत्र राज गरिरहेको छ । अरू त अरू विश्व फुटबल कप कतारमा हुँदैछ । पाँच वर्षअघि रसियामा खेलेका थुप्रै खेलाडी पाखा लागिसकेका छन् । यहाँ दशकौंदेखि नेपालका राजनीतिमा पात्र, प्रवृत्ति उही छ । ७० माथिका नेताबाट देशको भविष्य खोज्नुपर्ने विडम्बनापूर्ण नियतिको पात्र बन्न नेपाली जनता बाध्य छन् । बरू पाँचपटक विना उपलब्धिको मुलुकको कार्यकारी बनिसकेका शेरबहादुर देउवा छैटौं पटक प्रधानमन्त्रीका लागि घिस्रिरहेका छन् ।

नेताले थर फेरे, गाडी र घर फेरे, किड्नी फेरे, गलैंचा फेरे, आस्था र स्वाभिमान फेरे, नियत र औकात फेरे, जवाफदेहीता र बफादारी फेरे । जनताले मत फेरेनन् । जस्तोसुकै प्रतिकूल परिस्थितिमा कन्यादान छोडेर मतदानको लाइनमा उभिए । देश बनाउन मतमार्फत म्यानेजर बनाएका नेताहरू खजान्चीभन्दा माथि उठेनन् । नारामा तीन करोड जनताको व्यवस्थापन गर्ने संकल्प गरेपनि परिवार र झोला बोक्नेहरूको स्वार्थ समूह उनीहरूमाथि हावी बन्दै गयो । दलहरूले चुनावमा मतदाता रिझाउन ल्याएको घोषणापत्र हेर्दा लाग्छ - नेपालमा हुनुपर्ने र गर्नुपर्ने काम केही बाँकी छैन । तर ब्रम्हनालसम्म फैलिएको व्यभिचारको जालोप्रति कसैको ध्यान गएको छैन । अहिले सबैभन्दा बढी नेपालीको भीड हेर्नुपऱ्यो भने विमानस्थल जानुपर्छ । जाउलो जुटाउन स्वेच्छिक बेचविखन स्वीकार्दै महिला विदेशिएका छन् । बाउआमाको आशिर्वाद लिने दशैंको अघिल्लो दिन युवा परदेश हानिएका छन् । पाँच वर्षको एकपटक आउने मतदानको तिथि छलेर युवाहरू वाक्क, दिक्क हुँदै थातथलो छोडिरहेका छन् ।

एक पटक सबै गाउँलेले पानीको लागि प्रार्थना गर्ने निर्णय गरे । प्रार्थनाका दिन सबै मानिस भेला भए । त्यही मध्येको एउटा केटो छाता लिएर आयो । त्यो हो विश्वास । जब तपाईले बच्चालाई हावामा फ्याँक्नुहुन्छ, ऊ हाँस्छ किनभने उसलाई थाहा छ कि तपाईले उसलाई समात्नु हुनेछ । त्यो हो भरोसा । हरेक रात हामी ओछ्यानमा जान्छौं, भोलिपल्ट विहान जीवित हुने कुनै आश्वासन विना तर हामी उठ्नका लागि आलार्म सेट गर्छौं । त्यो हो आशा । पूर्व पश्चिमदेखि पश्चिम महाकालीसम्मका जनताले दशकौंदेखि सँधै राजनीति र उम्मेदवारलाई आशा, भरोसा र विश्वास दिए । तर विश्वास दिएकै दिन उनीहरूमाथि त्यही विश्वासले निर्लज्ज शासन गऱ्यो । चुनावको नर्सरीमा नेताको व्यभिचार फस्टाउँदा लोकतन्त्र कुपोषित बन्यो । हामीले यस्तो लोकतन्त्र ल्यायौं कि जनताको समृद्धिमा खर्च गर्न राज्यकोषबाट छुट्याइएको सय रूपियाँमा १५ रूपियाँमाथि खर्च गर्ने सामर्थ्य कहिल्यै बढेन । हरेक नेपालीका हातमा सिमकार्ड त थमाइयो तर रिचार्ज गर्ने आम्दानीको बाटो देखाइएन । प्रत्येक नेपालीका चाहाना थियो- चुलोमा नेता, धुलोमा नेता, दैलोमा नेता, मैलोमा नेता, मेलामा नेता, ठेलामा नेता, गोठमा नेता, मोठमा नेता, जाँतोमा नेता, हातोमा नेता, अँधेरीमा नेता, पँधेरीमा नेता भेटियोस् तर अहँ, कहिल्यै त्यस्तो भएन ।

मान्छे अनुहार होइन, व्यवहारले चिनिन्छ । सौन्दर्य नभई मानिसभित्र इमानको सामर्थ्य देखिनुपर्छ । यहाँको राजनीति न सुन, न नून, न गुन, न जीवनको धूनसंग सुहायो । महान सोच भएका मानिस ज्ञान विज्ञान, मध्यम सोच भएका विषयवस्तु र नीच सोच भएकाहरू अरूको कुरा काट्नमा रमाउँछन् । त्यसैले त भनिन्छ - आशावादी मानिस जहाज उडाउँछ, निरासावादी प्यारासुट उडाउन सोख राख्छ । कम्तिमा राजनीतिको अन्तिम गन्तव्य सबैको घरमा छाना होस, मानामा चामलका दाना होस, कोदो होस या पिठो होस जीवन सबैको मिठो होस भन्ने मान्यतामा अडिदिएको भए निरासाले यति विधि घर गर्न पाउने थिएन ।

बुद्धि नभएको नेतृत्व, विवेक नभएको हाकिम, दया नभएको पति, माया निख्रिएकी पत्नी, आदर नगर्ने सन्तान, सहानुभूति नराख्ने छिमेकी र परेका बेला काम नलाग्ने आफन्तभन्दा नहुनु बेस भन्ने मान्यता छ । हेर्नुस त एउटा मान्छेलाई बोल्न दुई वर्ष लाग्छ तर के बोल्ने के नबोल्ने भनेर सिक्न सारा जीवन कम हुन्छ । संसारमा सर्वाधिक भनिने कुरा हो - माया र खुसी । सबैभन्दा बढी खोजिने पैसा । अनि सबैभन्दा बढी पाइने कुरा हो - दुख र धोका । हो, देशको राजनीति श्रृंखलावद्ध धोका बन्यो ।

एकपटक आकासमा उड्दै गरेको पन्छीलाई कसैले सोधेछ- तिमीलाई यतिमाथि उड्दा कहिल्यै जमिनमा खसिएला भन्ने डर लाग्दैन ? पन्छीले मुस्कुराउँदै जवाफ दियो - 'म मान्छे होइन, थोरै उचाईमा पुग्नासाथ आफ्नो हैसियत बिर्सिने । म जतिसुकै उचाईमा किन नपुगुँ ? मेरा आँखा जमिनमै हुन्छ ।' हिँड्ने बाटो सही छ भने ठेस लाग्दै लड्दै गएपनि एकदिन गन्तव्यमा पुगिन्छ तर बाटै गलत छ भने जीवनभर हिँडे पनि कहीँ पुगिदैन । साँच्चै यहाँको राजनीतिले लय नसमात्नुको कडी पनि यही हो कि ?

अर्जुन र श्री कृष्ण बीचको एक सुन्दर सम्बाद :

अर्जुन : विष के हो ?

कृष्ण : 'हरेक ती कुराहरू बिष हुन् जुन जिन्दगीमा आवश्यकता भन्दा बढी हुने गर्छन । चाहे त्यो प्रेम होस् या घृणा, त्यो शक्तिको उन्माद पनि हुन सक्छ, अभिमान पनि हुन सक्छ, धनसम्पत्ति पनि हुन सक्छ । लोभलालच, अभिमान, अल्छीपना अनि महत्वकांक्षा पनि आवश्यकता भन्दा बढी हुनु विष नै हो ।'

जिन्दगी एक खेल हो अब तपाईमा निर्भर गर्दछ कि तपाई खेलाडी बन्नुहुन्छ वा खेलौना । अनुभव भन्छ कि एक्लै अँधेरीमा हिड्नु कुनै धोकेबाजको साथ उज्यालोमा हिँड्नुभन्दा धेरै उत्तम हो । हेर्नुस त बाउले जमिन जोडे खेती गरे बाउ दुखी किसानमा गनिए । छोराले त्यही जमिन बेच्यो, गाडी चढ्यो, छोरो हुने खानेमा गनियो । कमाईको परिभाषा धन कमाउनु मात्र होइन अनुभव, संस्कार, इज्जत, मान, प्रतिष्ठा, प्रेम अनि सम्बन्ध कमाउनु पनि हो । थुनेको पानी र सुनेको कुरामा बढी विश्वास नगर्नु किनकी दुवैको भरपर्दा धोका हुनसक्छ । थुनेको पानी जतिबेला पनि फुट्न सक्छ भने सुनेको कुरा झूटो हुनसक्छ । पढ्ने बेलामा पैसा कमाउन पाए हुन्थ्यो जस्तो लाग्छ । पैसा कमाउन खोज्दा पढ्न सजिलो लाग्छ । घरमा बस्यो घर छोड्न मन लाग्छ । टाढा पुगेपछि घरको यादले सताउँछ । गोजी भुक्का भए पैसाको खाँचो, पैसा भए के मा खर्च गर्ने पिरलो । सुत्न खोज्यो निद्रा गायव । भोलिपल्ट ढिलो सुतेकोमा पश्चाताप । उथलपुथल नभई मन बस्न सक्दैन । याद गर्न खोज्यो तर कसैको तस्वीर अगाडि आउँदैन । याद नगरौं भन्यो मनलाई वितेर चौपट । मन निदाउन खोज्छ, आँखा बिउँझिन्छ । खुसी छु भनौं भने ओठमा हाँसो छैन, दुखी भनौं के मा दुखी पत्तौ छैन । नाच्न नजान्नेलाई पनि यसरी नचाउँछ जिन्दगीले । प्रेमले भरिएको आँखा, श्रद्धाले झुकेको शिर, सहयोग गर्दै गरेको हात, धर्मको मार्गमा हिँडेको पाउ र सत्यले जोडिएको जीब्रो ईश्वरलाई सँधै मन पर्छ । त्यसैले यसैलाई कर्मपथ बनाऔं । मोक्षको पहिलो र अन्तिम बाटो पनि यही नै हो ।

# पत्रकार महासंघ जापानको अध्यक्षमा शान्त पहरी



❑ नेस संवाददाता

नेपाल पत्रकार महासंघ जापान शाखाको अध्यक्षमा शान्त पहरी निर्वाचित भएका छन् । अघिल्लो आइतबार सम्पन्न पाँचौं अधिवेशनमा भएको मतदान प्रक्रियाबाट उनी १६ मत प्राप्त गरी अध्यक्षमा निर्वाचित भएका हुन् ।

अध्यक्षका अन्य प्रत्यासीहरूमा पूर्णबहादुर चलाउनेले ६, कविकिरण न्यौपानेले ११ र दीपक गौतमले १४ मत प्राप्त गरेका थिए । यसैगरी उपाध्यक्षमा रविन्द्र श्रेष्ठ (गोर्खाली) १८ मतसहित निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी गोकर्ण अधिकारीले १७ र विनोदकुमार सापकोटाले ११ मत प्राप्त गरेका थिए । महिला उपाध्यक्षमा भने इन्दिरा खनाल निर्विरोध चयन भएकीछिन् । यसैगरी सचिवमा राजन गौतम निर्विरोध निर्वाचित हुँदा सहसचिव समावेशीतर्फ सजिना मोक्तान र सहसचिव खुल्लातर्फ विश्वास आचार्य निर्विरोध निर्वाचित भएका छन् भने कोषाध्यक्षमा अर्जुन लामिछाने निर्विरोध चयन भएका छन् ।

यसैगरी सदस्यहरूमा लक्ष्मी पौडेल, कृष्णप्रसाद अधिकारी, विकास लम्साल, भूपेन्द्र केसी, बिष्णुप्रसाद सापकोटा, दुबलसिंह गुरुङ (प्रमेश) र फुर्वा शेर्पा निर्विरोध निर्वाचित भएका छन् । जापानबाट केन्द्रीय प्रतिनिधिमा मनिषा चौलागाई र राजविन थापा सर्वसम्मत चयन भएका छन् ।

केन्द्रिय प्रतिनिधि नेपाल पत्रकार महासंघका महासचिव रोसन पुरीको विशेष उपस्थितिमा अधिवेशन सम्पन्न भएको थियो । अधिवेशन समारोहमा महासचिव पुरीका साथै जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुबेदी क्षेत्रीको विशेष सम्बोधन रहेको थियो भने शाखाका संस्थापक अध्यक्ष तिलक मल्ल, एनआरएन आइसीसी उपाध्यक्ष भूषण घिमिरे, एनआरएन जापानका महासचिव सिद्धार्थ श्रेष्ठ, प्रवासी नेपाली मञ्चका कार्यबाहक अध्यक्ष बाबुराम भण्डारी, नेपाली जनप्रगतिशील मञ्च जापानका कार्यबाहक अध्यक्ष मोहन पौड्याल, जापानी नागरिक हारूहितो नोजु लगायतले अधिवेशन सफलताको शुभकामना दिनुका साथै जापानमा नेपाली पत्रकारिताको बिकासक्रम, नेपाली समुदायमा खेल्नुपर्ने भूमिका र बहुआयामिक महत्व बारे प्रकाश पारेका थिए ।

शाखाका अध्यक्ष मोहन घलेको सभापतित्वमा भएको अधिवेशन शाखाका सदस्य राजन गौतमले सञ्चालन गरेका थिए । नवनिर्वाचित अध्यक्ष पहरीले विगतका कमीकमजोरीहरू सच्याउँदै जापानका सबै पत्रकारहरूलाई समेटेर अगाडि बढ्ने र महासंघको गरिमामय विरासतलाई थप उचाईमा पुर्‍याउन हरदम प्रयत्नशील रहने प्रतिबद्धता ब्यक्त गरे ।

# मयुर कर्पोरेशनद्वारा थप ४ नयाँ नेपाली उत्पादन बजारमा

❑ नेस संवाददाता

टोकियो – खाद्य तथा पेयजन्य विभिन्न नेपाली उत्पादनलाई विगत दुई दशकदेखि जापानको बजारमा प्रबर्द्धन तथा बिक्री-बितरण गर्दै आईरहेको मयुर कर्पोरेशनले थप ४ वटा नयाँ नेपाली उत्पादनको आइतबार एक समारोहकाबीच सार्बजनिकरण गरी बजारमा ल्याएको छ ।

थप ती नयाँ उत्पादनहरूमा अर्ना बियर (अल्कोहल ५.५ प्रतिशत), अर्ना बियर (अल्कोहल ८ प्रतिशत), वाइवाइ अकबरे चाउचाउ, वाइवाइ पिजा चाउचाउ र सफल घिउ रहेका छन् ।

सो अवसरमा बोल्दै मयुर कर्पोरेशनका कार्यकारी प्रमुख अरूणकुमार श्रेष्ठले स्वदेशी उत्पादनलाई बिश्व बजारमा प्रबर्द्धन गरी देशमा विदेशी मुद्रा भित्र्याउन सके मुलुककै अर्थतन्त्रमा ठूलो टेवा पुर्‍याउन सकिने धारणा ब्यक्त गरे । सोही अभिप्रायबाट प्रेरित भई आफुले विगत दुई दशकभन्दा लामो समयदेखि दर्जनौ नेपाली उत्पादनहरूलाई जापानको बजारमा विक्री-वितरण गर्दै आईरहेको बताए । विदेशमा बस्ने नेपालीहरूले दैनिक उपभोग्य बस्तुहरूमा कम्तीमा पनि स्वदेशी उत्पादनको उपभोग गर्ने हो भने देशको अर्थतन्त्रमा मदत पुग्ने भएकोले कञ्जुस्याँई नगरीकन स्वदेशी उत्पादनको उपभोग गर्न प्रवासी नेपालीहरूमा अपिल गरे ।

सो अवसरमा बोल्दै नेपाल चेम्बर अफ कमर्श जापान शाखाका अध्यक्ष डा. बलाराम श्रेष्ठले स्वदेशी उत्पादनलाई बिदेशी बजारमा



बिक्री बितरण गरी मुलुकको अर्थतन्त्रमा टेवा पुर्‍याउँदै आईरहेको मयुर कर्पोरेशनको कार्य सह्रानीय रहेको बिचार ब्यक्त गरे । उनले बिदेशमा बस्ने हरेक नेपालीले स्वदेशी उत्पादनलाई प्रबर्द्धन गर्ने र नेपालमा लगानी भित्र्याई रोजगारी सिर्जना गर्ने कार्यमा आ-आफ्नो ठाउँबाट अहम भूमिका खेल्नुपर्नेमा जोड दिए ।

यसैगरी नेपाल पत्रकार महासंघ जापानका संस्थापक अध्यक्ष तिलक मल्लले जापानका नेपालीहरू अब बिस्तारै जागिरे जीवनबाट माथि उठ्दे उद्यमीतर्फ उन्मुख भईरहेको सन्दर्भमा मयुर कर्पोरेशनले एकपछि अर्को गर्दै नयाँ स्वदेशी उत्पादन जापानमा भित्र्याएर उदाहरणीय कार्य गर्नुका साथै नवागन्तुक ब्यवसायीहरूलाई प्रोत्साहित गरेको बताए । उनले मयुर कर्पोरेशनल लामो समयदेखि जापानमा ब्यवसायिक अगुवाई गर्नुका साथै स्वदेशी उत्पादनलाई केन्द्रमा राखेर आफ्नो ब्यापार-ब्यवसाय गर्दा देशको पनि सेवा हुने अनुकरणीय कार्य गरेको बिचार ब्यक्त गरे ।

यसैगरी एनआरएन जापानका कार्यबाहक अध्यक्ष नविन निउरेले नेपालको अर्थतन्त्रमा सघाउन पुर्‍याउन र रोजगारी सिर्जना गर्ने कार्यमा मयुर कर्पोरेशनले जापानबाट खेलेको भूमिका र योगदान अतुलनीय रहेको बताए । उनले स्वदेशी उत्पादनको बिश्वब्यापी बजारीकरण गर्ने कार्यमा गैह्रआवासीय नेपाली संघको सँधै साथ, सहयोग र सहकार्य रहने बिचार ब्यक्त गरे ।

यसैगरी नेपाल पत्रकार महासंघ जापान शाखाका अध्यक्ष शान्तकुमार पहरीले नेपाली उत्पादनलाई बिश्व बजारमा प्रबर्द्धन गर्न मिडिया क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताउँदै सहकार्यका लागि आफुहरू प्रतिबद्ध रहेको धारणा ब्यक्त गरे । अध्यक्ष पहरीले जापानी बजारमा स्वदेशी उत्पादनको सशक्त उपस्थिति गराएर मयुर कर्पोरेशनले प्रशंसनीय कार्य गरेको भन्दै थप सफलताको कामना पनि गरे ।

# ओकिनावामा पहिलोचोटी नेपाल फेस्टिवल हुँदै




❑ नेस संवाददाता

ओकिनावा – जापानको पर्यटकीय टापुका रूपमा रहेको ओकिनावामा पहिलो पटक नेपाल फेस्टिवल हुने भएको छ ।

राजधानी टोकियो, फुकुओका हुँदै नागोयामा पटक-पटक नेपाल फेस्टिवल आयोजना भईसकेको सन्दर्भमा यस वर्षको अन्तिममा पहिलेपटक ओकिनावामा नेपाल फेस्टिवलको तयारी अन्तिम चरणमा पुगेको हो ।


ओकिनावावासी नेपालीहरूको संयुक्त आयोजनामा प्रथम ओकिनावा नेपाल फेस्टिवल – २०२२ यही नोभेम्वर २० तारिखका दिन हुन लागेको हो ।

'नेपाल एक देश धेरै चिनारी' भन्ने नाराका साथ नेपाल तथा जापानको साँस्कृतिक पहिचानका झलक, नेपाली खाना, परम्परागत नेपाली पहिरन तथा प्रदर्शनी सहित नेपालको पर्यटन प्रवर्धन गर्ने उद्देश्य सहित फेस्टिवलको आयोजना गर्न लागिएको आयोजक समितिका सदस्य समेत रहेका पत्रकार रामप्रसाद आचार्यले नेपाली समाचारलाई जानकारी दिए ।

फेस्टिवलमा जापानी समुदायको उल्लेख्य सहभागिता बढाउन र नेपाल जापान सम्बन्धलाई जनस्तरसम्म थप मजबुत बनाउनका लागि जापानी साँस्कृतिक प्रस्तुतीहरू सहित रक्तदान कार्यक्रम समेत राखिएको छ ।

करीव पाँच हजार नेपाली रहेको ओकिनावामा आम नेपालीहरूको संयुक्त आयोजनामा आयोजित उक्त फेस्टिबल ओकिनावाको उमिसोरा कोयन नाहामा हुन लागेको हो । फेस्टिबल उक्त दिनको बिहान १० बजेबाट साँझ ६ बजेसम्म हुने बताईएको छ । फेस्टिवलको सम्पूर्ण तयारी पूरा भएको आयोजक समितिले जनाएको छ । फेस्टिबलमा जापानका लागि नेपाली राजदूत, ओकिनावाका स्थानिय निकायका अधिकारीहरूको विशेष उपस्थिति रहने बताईएको छ ।

# सुधाँरिदै जापानको पर्यटन क्षेत्र



❑ नेस संवाददाता

टोकियो – कोरोना महामारीसँगै जापानको पर्यटन क्षेत्र सुस्ताएको थियो । देशले महामारीको सुरूमा नै कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सीमा नाकामा कडाइ गर्ने निर्णय गरेको थियो । जुन भर्खरै मात्र बिस्तारै खुकुलो बन्दै गएको छ । जसकारण जापानको पर्यटक आगमन यसपटक भने जुर्मुराउन खोजेको छ ।

सीमा प्रतिबन्धको सहजता र येनको द्रुत अवमूल्यनले अन्तर्राष्ट्रिय यात्रुहरु बिस्तारै जापान भ्रमणमा आउन थालेका छन् । जापान राष्ट्रिय पर्यटन संगठन अनुसार गत महिना सेप्टेम्बरमा दुई लाख छ हजार पाँच सय पर्यटकको आगमन भएको जनाएको छ । जुन अघिल्लो वर्षको सोही महिनाको तुलनामा ११ गुणा बढी वृद्धि भएको हो । कोभिड-१९ को महामारी सुरू भएयता दुई लाख बढी पर्यटक भित्रिएको यो पहिलो पटक हो । संगठनले सेप्टेम्बरमा सबैभन्दा धेरै पर्यटक दक्षिण कोरियाबाट आएको, त्यसपछि भियतनाम र त्यसपछि चीनबाट आएको बताएको छ । यद्यपि, पर्यटन अझै पनि महामारी पूर्वको स्तरमा फर्कन सकेको छैन । कोरोना महामारीभन्दा पहिला जापानमा वार्षिक ३ करोड २० लाख पर्यटक घुम्न आउँथे । विज्ञहरूले आगामी महिनाहरूमा विदेशी आगन्तुकहरूको संख्या बढ्ने अनुमान गरेका छन् ।

यहाँहरुको स्वागतमा ओकुबोमा अमरदीप

पारिवारिक वातावरणमा स्वादिष्ट भोजन सहित भेटघाट, बैठक, जन्मदिन, पास्नी, बिदाई जस्ता कार्यक्रम गर्नुपरेमा वा आतिथ्य सत्कार सहित आफ्ना छोरीज्वाँई, चेलीबेटी लगायतका पाहुना खुवाउन परेमा हामीलाई सम्झनुहोला । १०, १२ जनाको मिटीङ गर्न मिल्ने छुट्टै मिनीरुमको पनि ब्यवस्था छ । यहाँहरुको बसाई र भेटघाटलाई अविस्मरणीय बनाउन अर्डर अनुसारको खाना तयार गरिन्छ । एक पटक सेवा गर्ने मौका अवश्य दिनुहोला । बुक गरिएको पार्टीका लागि नाँचगानको व्यवस्था पनि छ ।

राम्रो भोजनले सामिप्यता बढाउँछ


AMARDEEP

TEL 03-3362-9772
Mob 080-5918-4360
090-9859-2029

INDIAN NEPALI RESTAURANT
AMARDEEP
2 Min. Walk from JR Okubo Station (South Exit)
1-24-9 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hours 11:00~24:00


इ-पासपोर्ट
प्रोसेसिङ गरिन्छ

VIBER OK!!



सम्पर्कः
080-4150-5314

# चुनावी घोषणापत्र स्रोतको जोहोबिनै 'पपुलिस्ट' योजना



❑ नेस संवाददाता

काठमाडौं – आम्दानीको स्रोत सुनिश्चित नगरी राजनीतिक दलहरूले वितरणमा मात्र केन्द्रित घोषणापत्र सार्वजनिक गरेका छन् । आगामी मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनलाई लक्षित गर्दै प्रमुख राजनीतिक दलले सार्वजनिक गरेका घोषणापत्र कार्यान्वयन हुँदा राज्यलाई अर्बौं रूपियाँ भार थपिने देखिन्छ तर त्यसको पूर्तिका लागि स्रोतको व्यवस्थापन योजनामा भने दलका घोषणापत्र मौन छन् ।


घोषणापत्रमा निःशुल्क सार्वजनिक सेवासहित थप सामाजिक सुरक्षाको प्रतिबद्धता त समेटिएका छन् तर त्यसको जोहो गर्ने भरपर्दो योजना छैन । नेपाली कांग्रेसले सार्वजनिक गरेको संकल्पमा ६५ वर्ष माथिका सबै ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ता उपलब्ध गराउने, एक हजार (सुनौलो हजार) दिनसम्म पाँच हजार सुत्केरी भत्ता, विपन्न नागरिकको मृत्यु संस्कारलाई दस हजार रूपियाँ खर्च, तीन वर्षमुनि र ७३ वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचार गर्नेजस्ता योजना समावेश छन् ।

नेकपा (एमाले) ले सार्वजनिक गरेको घोषणापत्रमा सबै परिवारलाई दस हजार लिटरसम्म पानी निःशुल्क, वर्षायाममा ५० युनिट र हिउँदमा ३० युनिट विद्युत् निःशुल्क, पाँच वर्षमा ६० लाखलाई सामाजिक सुरक्षा भत्ता, सेनेटरी प्याड खरिद निम्ति वार्षिक एक हजार पाँच सय रूपियाँलगायतका सामाजिक सुरक्षा भत्ता उल्लेख छ । त्यस्तै पाँच वर्षभित्र अर्थतन्त्रको आकार एक सय खर्ब पुऱ्याउने र सोही समयभित्र पाँच लाखलाई रोजगारी सिर्जना गर्ने लक्ष्य घोषणापत्रमा राखिएको छ । ४८ खर्बको अहिलेको अर्थतन्त्रको आकार एक सय खर्ब पुऱ्याउन आवश्यक लगानी र त्यसको स्रोत व्यवस्थापनका सन्दर्भमा भने घोषणापत्रले बलियो प्रमाण देखाउन सकेको छैन । लक्ष्यअनुसार अर्थतन्त्रको आकार बढाउन वार्षिक कम्तीमा पनि १५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्नुपर्ने देखिन्छ, जुन अत्यन्त महत्वाकांक्षी र विद्यमान आर्थिक परिदृश्यको हिसाबले असम्भवप्रायः नै हो ।

नेकपा माओवादी केन्द्रले जारी गरेको प्रतिबद्धतापत्रमा प्रत्येक नेपालीलाई शिक्षा र स्वास्थ्य निःशुल्क गर्ने, साना किसानलाई सिँचाइका लागि वाटर पम्प तथा ट्युबवेल निःशुल्क वितरण गर्ने र गरीब घरपरिवारलाई राज्य सुरक्षा कार्ड प्रदान गरेर स्वास्थ्य, शिक्षा निःशुल्क तथा अत्यावश्यकीय वस्तु सुपथ मूल्यमा उपलब्ध गराउनेजस्ता सुविधा उपलब्ध गराउने घोषणा गरेको छ । घोषणापत्रमा राज्यले सुविधा प्रदान गरेको आधारमा कर संकलन गर्ने व्यवस्था गरिने उल्लेख गरे पनि सुविधा थप हुँदा विस्तार हुने दायित्वको मूल्यांकन भने गरेको छैन ।

नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीले हरेक घरपरिवारलाई मासिक दुई सय युनिटसम्म विद्युत् महसुल छुट दिने, आधारभूत स्वास्थ्य उपचार निःशुल्क उपलब्ध गराउने, गरिबीको रेखामुनि रहेका जनताको बीमा रकमको ५० प्रतिशत सरकारले भुक्तानी गरिदिने, हरेक घरपरिवारलाई मासिक दस हजार लिटर पानी निःशुल्क उपलब्ध गराउनेजस्ता सुविधाको घोषणा गरेको छ ।

# नागरिकता विधेयक : पाँच लाख बढी नागरिक मताधिकारबाट वञ्चित



❑ नेस संवाददाता

काठमाडौं – आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा झण्डै पाँच लाख नागरिक मताधिकारबाट वञ्चित हुने भएका छन् । राजनीतिक दलहरूको दाउपेचले अलपत्र परेको नागरिकता विधेयक टुंगोमा पुग्न नसक्दा नागरिकता नपाएका पाँच लाख बढी नागरिक अहिले मतदान प्रक्रियाबाटै वञ्चित हुने भएका हुन् ।

निर्वाचन आयोगका अनुसार मंसिर ४ गतेको निर्वाचनमा मतदानका लागि योग्य मतदाताको संख्या एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० छ । जसमा महिला ८८ लाख ४७ हजार पाँच सय ७९ जना, पुरूष ९१ लाख ४० हजार आठ सय ६ जना र अन्य एक सय ८५ जना रहेका छन् । तर, नेपाल नागरिकता ऐन ०६३ अनुसार ०४६ चैत मसान्तभित्र नेपालमा जन्मिएका नागरिकका सन्तान नागरिकताबाट वञ्चित छन् ।

तत्कालीन समयमा दुई वर्षभित्र संविधानसभाको चुनावअघि नै त्यस्ता नागरिकले जन्मको आधारमा नागरिकता लिइसक्नुपर्ने सरकारले जारी गरेको आदेशअनुसार एक लाख ९० हजार सात सय २६ जनाले जन्मको आधारमा नागरिकता लिएका थिए । तिनै जन्मसिद्ध नागरिकता लिएका नागरिकका सन्तान अहिले नागरिकताविहीन भएका हुन् ।

नागरिकताको सम्बन्धमा लामो समयदेखि काम गर्दै आएका अधिवक्ता सविन श्रेष्ठका अनुसार तत्कालीन समयमा सरकारद्वारा भएको अल्पकालीन व्यवस्थाअनुसार जन्मसिद्ध नागरिकता पाएका नागरिकका सन्तान अहिले नागरिकताविहीन भएका हुन् ।

श्रेष्ठले भने, 'त्यो ऐन (नेपाल नागरिकता ऐन २०६३) अनुसार गृह मन्त्रालयको तथ्याङ्कअनुसार एक लाख ९० हजार सात सय २६ जनाले जन्मसिद्ध नागरिक भनेर नागरिकता लिए । नागरिकता लिइसकेपछि समस्या कहाँनेर आयो भन्दा उहाँले त आफूले नागरिकता लिनुभयो, नेपालको जन्मसिद्ध नागरिक भनेर तर उहाँका छोराछोरीलाई नागरिकता दिने प्रावधान थिएन ।

संविधानमा नागरिकता लिने वेलामा उसका बाबु र आमा दुवै नेपालको नागरिक भएको स्थितिमा जन्मसिद्ध नागरिकता प्रदान गर्ने भन्ने व्यवस्था भए पनि ऐनमा संशोधन नहुँदा संविधानको व्यवस्था कार्यान्वयन गर्न नसकिएको उनको भनाइ छ । जन्मसिद्ध नागरिकता पाएका सन्तानबाट जन्मेकाबाहेक अन्य विभिन्न कारणले नागरिकता प्राप्त गर्न नसकेका नागरिकको तथ्याङ्क भने बढी रहेको छ ।

# खेलबाट जेलतिर सन्दीप



❑ नेस संवाददाता

काठमाडौं – अन्य क्रिकेट खेलाडीहरु प्रधानमन्त्री कप प्रतिस्पर्धामा मैदानमा व्यस्त रहँदा राष्ट्रिय टिमका निलम्बित कप्तान सन्दीप लामिछानेको दिनचर्या भने खेलबाट जेलतर्फ मोडिएको छ । बालिका बलात्कार मुद्दामा काठमाडौं जिल्ला अदालतले शुक्रबार उनलाई पुर्पक्षका लागि थुनामा पठाएको छ । मुद्दाको फैसला नहुँदासम्म अब कारागारमै बस्नुपर्ने भएकाले उनको क्रिकेट करिअर अनिश्चित बनेको छ ।

३० दिन प्रहरी हिरासतमा बसेपछि लामिछानेलाई शुक्रबार सुन्धारास्थित भद्रगोल जेल पठाइएको छ । तत्काल प्राप्त प्रमाणका आधारमा लामिछाने निर्दोष छन् भन्ने अवस्था नरहेको भन्दै उनलाई अदालतले पुर्पक्षका लागि थुनामै राख्ने आदेश दिएको हो । जिल्ला न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासबाट लामिछानेलाई थुनामा पठाउने आदेश भएको जिल्ला अदालतका सूचना अधिकारी दीपक दाहालले बताए । 'प्रमाण ऐन, २०३१ को दफा १० अनुसार पीडित र मौकामा कागज गर्ने मानिसहरूले व्यक्त गरेको कुरा प्रमाणमा ग्राह्य हुने अवस्था रहेको र ऐनको दफा १८ (ख) अनुसार थुनछेक प्रयोजनका लागि अधिकार प्राप्त अधिकारीले गराएको मौकाका कागज प्रमाणहरु प्रमाण ग्रहण गर्न सकिने कानूनी व्यवस्था देखिन्छ,' आदेशमा भनिएको छ, 'उक्त कानूनी व्यवस्थालाई मध्यनजर गरी हेर्दा उल्लेखित तत्काल प्राप्त प्रमाणहरूको आधारमा यी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न मिलेन ।'

थप प्रमाणहरु बुझ्दै जाँदा पछि ठहरेबमोजिम हुने गरी हाल थुनुवा पुर्जी दिएर जगन्नाथ देवल पठाउन आदेशमा भनिएको छ । जगन्नाथ देवलमा केन्द्रीय कारागार, भद्रगोल जेल र महिला कारागार गरी तीन कारागार छन् । जसमध्ये सन्दीपलाई भद्रगोल जेलमा राखिएको जेलर ईश्वरीप्रसाद पाण्डेले बताए । भद्रगोल जेलमा श्रीमती हत्यामा दोषी ठहर भएका सशस्त्र प्रहरीका पूर्वडिआइजी रञ्जन कोइरालालगायत करीब एक हजार एक सय कैदी-बन्दी छन् ।

# नागढुंगा सुरुङमार्ग निर्माणको काम ६७ प्रतिशतभन्दा बढी सकियो

❑ नेस संवाददाता

काठमाडौं – नागढुंगादेखि धादिङको सिस्ने खोलासम्म जोड्ने सुरूङमार्गको काम ६७ प्रतिशतभन्दा बढी सकिएको छ । २०८० साउनसम्ममा निर्माण सम्पन्न हुने भनिएको सुरूङमार्गको आयोजनाअन्तर्गत सुरूङ खन्ने काम ६७ दशमलव ३० प्रतिशत पूरा भएको छ ।

२ हजार ६ सय ८८ मिटर लम्बाइ रहेको मुख्य सुरूङको १ हजार ६ सय ४२ मिटर खनिसकिएको छ भने २ हजार ५ सय ५७ मिटरको सहायक सुरूङ १ हजार ८ सय ६० मिटर खनिएको छ । मुख्य सुरूङ पूर्वबाट ७ सय ९५ दशमलव ६० मिटर र पश्चिमबाट ८ सय ४६ दशमलव ४० प्रतिशत निर्माण सम्पन्न भइसकेको छ ।

त्यस्तै, सहायक सुरूङ पूर्वबाट एक हजार मिटर र पश्चिमबाट ८ सय ६० मिटर निर्माण सम्पन्न भएको आयोजनाले जनाएको छ । १ सय २८ मिटर खन्नुपर्ने क्रस प्यासेज पूर्वतर्फबाट ३८ दशमलव १० र पश्चिमतर्फ ३६ दशमलव १० गरी ७४ दशमलव २० मिटर खनिएको छ ।



आयोजनाका अनुसार, १ सय २६ मिटर वर्किङ अडिटको काम सम्पन्न भइसकेको छ । सुरूङमा कंक्रिट लाइनिङको कार्य २९ दशमलव ७० प्रतिशत सम्पन्न भइसकेको छ । सुरूङबाहेकका तीनवटै अण्डर पास सम्पन्न भएको छ भने चारवटा बक्स कल्भर्ट, एउटा ओभर पास र तीनवटा पुल निर्माण कार्य सम्पन्न भएको छ ।

२०७६ असोजमा हाज्मा एण्डो कर्पोरेसनसँग ४२ महिनामा निर्माण पूरा गर्नेगरी सम्झौता भएको उक्त आयोजनाको म्याद लकडाउनका कारण ८६ दिन थप गरिएको थियो । निर्माण कम्पनीले ४ सय १६ दिन म्याद थप प्रस्ताव गरे पनि कार्यालयले लकडाउन अवधिमा काम हुन नसकेको दिन हिसाब गरेर म्याद थपेको हो ।

कुल २२ अर्ब लागतको यो सुरूङमार्ग निर्माणका लागि जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले १६ अर्ब ऋण सहयोग गरेको छ भने ६ अर्ब नेपाल सरकारको आफ्नै स्रोतबाट खर्च हुनेछ । सुरूङमार्ग सञ्चालनमा आएपछि काठमाडौं प्रवेश गर्ने मुख्यद्वारमा यात्रुले भोग्नुपरेको ट्राफिक जामको सास्ती कम हुने विश्वास गरिएको छ ।

Visa Service
Gyoseishoshi
Furuichi
(Music Name : FLY-T)
090-2334-4601
(Viber OK)
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒169-0073
東京都新宿区百人町2-16-13ヘレンハウゼ101
Tel: 03-6908-7203
info@immigration-japan.net



हामी उपलब्ध गराउँछौं जापानबाट नेपाल जान-आउनका लागि
सस्तो टिकट
जापानबाट नेपाल जान–आउनका लागि विभिन्न एयरलाइन्सका
हवाई टिकटहरु सस्तो मूल्यमा चाहिएमा हामीलाई सम्झनुहोला ।
Special Airfare are Available !
TRAVEL PLANNING SERVICE CO. LTD.
Hoshina Bld 2F, 2-8-2 Iwamoto cho, Chiyoda-ku, Tokyo Japan 101-0032
Tel: 03-5825-5868 Mobile : 080-9828-5255

# रेमिट्यान्स झण्डै २० प्रतिशतले बढ्यो

❑ नेस संवाददाता

काठमाडौं - चालू आर्थिक वर्षको दोस्रो महिना अर्थात् भदौको अन्त्यसम्म एक खर्ब ८७ अर्ब चार करोड बराबरको रेमिट्यान्स भित्रिएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आवको दोस्रो महिनासम्मको विवरणअनुसार रेमिट्यान्स आप्रवाह १९ दशमलव आठ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह पाँच दशमवल आठ प्रतिशतले घटेको थियो ।

अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह ११ दशमलव तीन प्रतिशतले वृद्धि भई एक अर्ब ४७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह पाँच दशमलव तीन प्रतिशतले घटेको थियो ।



समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या एक सय ७० प्रतिशतले वृद्धि भई एक लाख तीन हजार आठ सय ९८ पुगेको छ ।

त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनःश्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ७० दशमलव छ प्रतिशतले वृद्धि भई ३९ हजार एक ८९ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या चार सय २९ दशमलव पाँच प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा खुद ट्रान्सफर १९ दशमलव पाँच प्रतिशतले वृद्धि भई दुई खर्ब छ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर छ प्रतिशतले घटेको थियो ।

# चार्टर उडान अब भैरहवाबाट मात्रै



❑ नेस संवाददाता

काठमाडौं - गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (भैरहवा विमानस्थल) चलायमान बनाउन नेपाल नागरिक उड्ड्यन प्राधिकरणले नेपालबाट हुने र नेपालमा हुने सबै अन्तर्राष्ट्रिय चार्टर उडान भैरहवाबाट मात्र गर्नुपर्ने निर्णय गरेको छ । तर कूटनीतिक चार्टर उडान, कार्गो र सेनाका उडान भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै हुनेछन् ।

गत जेठ २ गतेदेखि सञ्चालनमा आएको भैरहवा विमानस्थललाई पूर्ण रूपमा प्रयोगमा ल्याउने प्रयास स्वरूप प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुँदै आएका अन्य सबै चार्टर उडानमा प्रतिबन्ध लगाएको छ । प्राधिकरणले आइतबारदेखि लागू गरेका हिउँदे उडान तालिका (विन्टर सेड्युल) अनुसार चार्टर उडानसँगै काठमाडौंबाट हुँदै आएका हरेक तीन उडानमा एक उडानसमेत भैरहवाबाटै हुने भएका छन् । प्राधिकरणले विदेशबाट आउने चार्टर उडानलाई भने यसअघि नै भैरहवा अवतरण गराउन थालिसकेको थियो । गौतमबुद्ध विमानस्थलले सञ्चालन खर्चसमेत उठाउन नसकेपछि प्राधिकरणले नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्ससहित तीन विदेशी हवाई कम्पनीलाई हिउँदे उडान तालिकाअनुसार गौतमबुद्ध विमानस्थलमा दैनिक एक उडान गर्न निर्देशन दिएको छ ।

आइतबारदेखि लागू भएको तालिकाअनुसार अन्तर्राष्ट्रिय उडान गर्दै आएको नेपाल वायुसेवा निगमले आइतबार पुरानै बर्खे उडान तालिका (समर सेड्युल) अनुसार उडानको तयारी गर्दा दिल्ली उडान रोकिएको छ । नयाँ तालिकाअनुसार निगमको दिल्ली उडान रोकिएपछि नेपालबाट दिल्ली जाने २ सय ५४ जना र दिल्लीबाट नेपाल आउने १ सय ९३ जना यात्रु अलपत्र परे । प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार १० दिनअघि नै निगम र हिमालय एयरलाइन्सलाई हिउँदे तालिकाअनुसार प्रति तीन उडान गर्दा एउटा उडान भैरहवाबाट गर्न निर्देशन दिएको थियो ।

तर निगमले पालना गर्नुपर्ने दिल्ली उडानको अनुमति नलिएपछि उडान रोकिएको हो । उनले भने, 'निगम र हिमालय दुवैले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्न लिएको तालिकामा तीनवटा बराबरको एक उडान भैरहवा सारिएको छ । प्राधिकरणसँग उडान अनुमति नै नलिई यात्रुलाई बोर्डिङ गराएपछि उडान रोकिएको हो ।'

हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल वायुसेवा निगम, हिमालय एयरलाइन्स, एयर अरेबिया, कतार एयरवेज, □लाई दुबईले दैनिक तीनभन्दा बढी उडान गरिरहेका छन् । प्राधिकरणले भैरहवा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने जहाजको ग्राउण्ड ह्याण्डलिङ शुल्कमा ५० प्रतिशतसहित एक वर्षसम्मका लागि ल्याण्डिङ, पार्किङ, नेभिगेसन र सुरक्षालगायतका शुल्कमा छुट दिएको छ । गौतमबुद्ध विमानस्थलमा हाल जजिरा एयरलाइन्सले मात्र साताको तीन उडान गरिरहेको छ ।

# पोखरा विमानस्थललाई अवरोध पुर्‍याउने रिठ्ठेपानी डाँडा कटान सुरु

❑ नेस संवाददाता

काठमाडौं – सञ्चालनको अन्तिम तयारीमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको पूर्वी भेगबाट हुने उडान तथा अवतरणलाई अवरोध पुर्‍याउने कास्कीको रिठ्ठेपानी डाँडा कटानको काम सोमबारदेखि सुरू भएको छ ।

नागरिक उड्डयन प्राधिकरणका सहायक प्रवक्ता ज्ञानेन्द्र भुलका अनुसार ठेकेदार कम्पनी उमा एण्ड कन्स्ट्रक्सन र गल्वा निर्माण सेवाले संयुक्त रूपमा सोमबारदेखि डाँडा कटानको काम थालेका हुन् ।

उक्त डाँडा कटान गर्न प्राधिकरणले यी दुई ठेकदार कम्पनीसँग अघिल्लो साता ३२ करोडको ठेक्का सम्झौता गरेको थियो । लेखनाथमा पर्ने रिठ्ठेपानी डाँडा निर्माणाधीन विमानस्थलबाट १ दशमलव ३५ किलोमिटर (पूर्व) हवाइ दूरीमा पर्छ ।

उपप्रबन्धकसमेत रहेका प्रवक्ता भुलका अनुसार यो डाँडालाई ४० मिटर काट्नुपर्ने छ । जसमध्ये पहिलो चरणमा १४ मिटर माटो काटिसकेपछि त्यस विमानस्थलको प्राविधिक परीक्षण गर्न क्यालिब्रेसन उडानका लागि बाटो खुला हुनेछ । 'यो डाँडा १४ मिटर काटेपछि प्राधिकरणले क्यालिब्रेसन उडान गर्ने यो जना बनाएको छ,' भुलले भने, 'पूरै ४० मिटर काटिसकेपछि व्यवसायिक परीक्षण उडान हुनेछ ।'

सोमबारदेखि डाँडा कटानको काम सुरू भएपछि प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसहित प्राधिकरणका एक दर्जनभन्दा बढी उच्च ओहदाका कर्मचारी पोखरा पुगेका छन् । उनीहरूले सोमबार पोखरा महानगरका मेयरसहित स्थानीय नेताहरूसँग पनि छलफल गरेका छन् ।

प्राधिकरणलाई चाँडै काम सक्न ठेकेदार कम्पनीहरूले दैनिक रूपमा कम्तीमा दुई दर्जन स्काभेटर लगाउने भनेका छन् ।

रिठ्ठेपानी डाँडा कटानपछि उक्त विमानस्थलको चुनौती डम्पिङ साइट हो । रिठ्ठेपानी डाँडाको माटो अहिले त्यहाँ व्यवस्थापन भइरहेको छ । सोमबार प्राधिकरणका अधिकारीहरूसँग बैठकमा भाग लिएका मेयर धनराज आचार्यले विमानस्थलको पुछारमा रहेको ल्याण्डफिल्ड साइट चाँडै स्थानान्तरण गर्ने प्रतिबद्धता जनाएको प्रवक्ता भुलले बताए । सरकारले अंग्रेजी वर्ष २०२३ जनवरी १ तारिख (पुस १७) गतेदेखि पोखरामा व्यवसायिक उडान सञ्चालन गर्ने घोषणा गरिसकेको छ ।

# कन्सुलर सेवा अब पाँच मिनेटमै



❑ नेस संवाददाता

काठमाडौं - कन्सुलर सेवा विभागले सेवाग्राहीका सबै काजगात चुस्त अवस्थामा रहे कन्सुलरसम्बन्धी कतिपय सेवा पाँच मिनेटभित्रै उपलब्ध गराउने नविनतम् प्रणाली अभ्यासमा ल्याएको छ । 'सहज तथा सुलभ कन्सुलर सेवा' नाम दिइएको उक्त कार्यक्रमले विभागको सेवा प्रवाह छिटो-छरितो मात्र नभई राजश्व संकलन वृद्धि तथा अन्तर्राष्ट्रिय समुदायमा नेपालका कागजपत्र प्रमाणित कार्यको विश्वसनीयता बढाएको हो ।


विभागका महानिर्देशक धनबहादुर ओलीले नयाँ सूचना प्रविधि प्रणाली प्रयोगमा ल्याइएपछि दूरदराजबाट काठमाडौं आएर कागजपत्र नमिलेर फर्कनुपर्ने समस्या हट्नुका साथै जनतालाई स्थानीय तहबाटै कन्सुलरसम्बन्धी सेवा प्रभावकारीरूपमा प्रदान गर्ने कार्यमा सफलता मिलेको जानकारी दिए । विभागले नयाँ अभ्यासमा ल्याएको सूचना प्रविधिको प्रयोग मुलुकका सबै जिल्ला प्रशासन कार्यालय, स्थानीय तह अर्थात् पालिका कार्यालयमा जोडिएपछि कन्सुलर सेवा सेवाग्राहीमैत्री बन्न पुगेको हो । महानिर्देशक ओली भन्छन्, 'आधुनिक कन्सुलर अफिस ड्रिमसहितको स्थानीय तहसँगको सहकार्य कार्यक्रम यस आवमा उदयपुर, खोटाङ र ओखलढुंगाका १० पालिकामा सुरू गरिएको छ भने यस आवमा थप २० जिल्लामा विस्तार गर्ने कार्ययोजना छ ।'

गत वर्ष २५ जिल्लामा सहकार्यको शुरूवात गरिएको थियो । यसले गर्दा कम साधनस्रोतमा धेरै सेवाग्राहीलाई सेवा प्रदान गर्न सहज भएको छ । साथै विभागमा सेवाग्राहीको चाप निकै कम भएको छ । दिनभर लाग्ने कतिपय काम केही मिनेटमा समेत हुने गरेको विभागको दाबी छ । विभागले आ□नै जनशक्ति र स्रोतसाधनको प्रयोग गरी निकै कम खर्चमा तयार गरेको उच्च प्रविधिको उक्त सेवा सञ्चालनमा आएपछि जनताले कन्सुलरसम्बन्धी आ□नो काम कहाँ कुन चरणमा पुगेको छ भनेर घरबाटै जानकारी लिन र प्रतिक्रिया दिन सक्नेछन् ।

विभागको आ□नै कार्ययोजना र सिर्जनामा निर्माण गरिएको अनलाइन कन्सुलर सेवा प्रणालीको स्रोत पूर्णरूपमा विभागसँगै रहेकाले पूर्णरूपमा सुरक्षित मात्र नभई आवश्यकतानुसार परिमार्जन गर्न अरू कुनै कम्पनीमा निर्भर हुनुपर्ने छैन । विभागको सेवा लिने क्रममा कुनै समस्या र अल्झन खेप्न नपरोस् भनी निःशुल्करूपमा टोल फ्रि नम्बर ११५२ सञ्चालनमा ल्याएर केन्द्रसँग जोड्ने काम भएको छ ।

विदेशमा रहँदा नेपालीलाई आइपर्ने समस्या समाधान र हकहितको सुरक्षा गर्ने कार्य पनि कन्सुलरकै दायराभित्र पर्छ । आ□ना देशका नागरिकको आर्थिक, सामाजिक, साँस्कृतिक र धार्मिक अधिकारको सुरक्षा र संरक्षण गर्नु कन्सुलरको प्राथमिक दायित्व हो । हरेक कूटनीतिक नियोगको काममध्ये कन्सुलर सेवा प्रमुख कामका रूपमा रहँदै आएको छ ।

# कम्पनीहरुले टोकियोमा रहेका मुख्यालय अन्यत्र सार्दै



❑ नेस संवाददाता

टोकियो - प्रमुख रिसर्च कम्पनी तेइकोकु डाटाबैंकको सर्वेक्षण अनुसार सन् २०२२ को अघिल्लो छ महिनामा १ सय ६८ वटा कम्पनीहरूले टोकियो बाहिर आ□नो मुख्यालय स्थानान्तरण गरेका छन् । कोभिड महामारीपछि अधिकांशले घरबाटै अर्थात् 'वर्क फ्रम होम' को शैली अपनाएका छन् । कार्यालयमा हुने काम घरबाटै हुन थालेका छन् । थुप्रै कार्यालय र व्यवसायले आ□ना कर्मचारीलाई घरबाटै काममा लगाएका छन् । 'वर्क फ्रम होम' सँस्कृति निकै फस्टाएको छ । उनीहरु आ□ना कर्मचारीलाई तत्काले कार्यालयमा फर्काउन इच्छुक छैनन् । कतिपयले आ□ना धेरै कर्मचारीलाई स्थायीरूपमै घरबाट काम गर्न दिने घोषणा गरेका छन् । फलस्वरूप कर्मचारीहरूलाई काम गर्नका लागी महँगो भाडा तिरेर राखिएको भौतिक कार्यालय खासै उपयोगी हुन छोडेको छ । महामारी अघि कम्पनीहरु राजधानी सर्ने लामो लहर थियो । तर अहिले परिस्थिति परिवर्तन भई माहामारीको कारण थला परेका धेरै कम्पनीहरूले आ□नो सञ्चालनलाई पुनर्गठन गर्न आ□नो मुख्यालय अन्यत्र स्थानान्तरण गरेको हुन सक्ने अनुमान छ । अफिस भाडा टोकियो बाहिर तुलानात्मक रूपमा सस्तो हुने गर्दछ । अहिले सम्म, अधिकांश कर्पोरेसनहरु टोकियो महानगरीय क्षेत्रबाट आ□नो मुख्यालय गुन्मा, इबाराकी, तोचिगी, ओसाका र आइची जस्ता प्रिफेक्चरहरूमा सारेका छन् ।






# जापानी ज्येष्ठ नागरिक : ६५ नाघे पनि जागिरे



❑ नेस संवाददाता

टोकियो – संसारमै सबभन्दा बढी ज्येष्ठ नागरिक जनसंख्या भएको जापान । जनसंख्याको ३३ प्रतिशत ६५ वर्ष उमेर नाघेको समूह जापानमा ३ करोड ६० लाख बढी छ, नेपालको जनसंख्याभन्दा बढी । जापानको नागरिक औसत ८४ बर्ष सम्म बाँच्छन् । सामान्यत: धेरै जापानी सय बर्ष भन्दा बढी बाँच्छन् । सय बर्ष नाघेको ज्येष्ठ नागरिकहरूको संख्या नै ९० हजार ५ सय २६ रहेको छ । र उनीहरू लामो समय बाँच्ने मात्र होइन ९०, १०० को उमेरसम्म पनि फूर्तिलो र तन्दुरूस्त हुन्छन् । सुन्दै अचम्म लाग्न सक्छ तर जापानी वृद्धवृद्धा १०० बर्षको उमेरमा पनि उतिनै सक्रिय रहेको देखिन्छन् । जापानी ज्येष्ठ नागरिक परिवारप्रति आश्रित हुँदैनन् । ६८, ६९ को उमेरसम्म कार्यालयमा काम गरिरहेका जेष्ठ नागरिक प्रशस्तै देख्न सकिन्छ । ६० बर्षमा त उनीहरू जवान नै हुन्छन् । यसको प्रमुख कारण स्थानीय जीवनशैली, खानपान, चिन्तन नै रहेको विभिन्न रिपोर्टहरूले बताएका छन् ।



आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले संकलन गरेको तथ्याअनुसार सन् २०२१ मा जापानमा ६५ वर्ष र माथिको उमेरका कार्यरत जेष्ठ नागरिकको संख्या नौ लाख नौ हजार देखिएको छ । यो संख्या पछिल्लो १८ वर्ष देखि लगातार बढिरहेको छ । तथ्याङ्कले ६५ वर्षका कर्मचारीको रोजगारी दर २५ दशमलव १ प्रतिशत र ६५ देखि ६९ वर्ष उमेर समूहका कर्मचारीको रोजगारी दर ५० दशमलव ३ प्रतिशत रहेको देखाएको छ । ६५ देखि ६९ वर्षका कामदार हरूको संख्या सन् २०१३ देखि बढ्न थालेको हो । जापानको जनसंख्या घट्दै जाँदा र औसत उमेर बढ्दै जाँदा वृद्ध व्यक्तिहरूको रोजगारीको स्थिरीकरण सम्बन्धी संशोधित ऐन अप्रिल २०२१ मा लागू भएको थियो । यसले कम्पनीहरूलाई ७० वर्षको उमेरसम्मका व्यक्तिलाई काममा राख्न पाउने अनुमति दिएको थियो ।

# विदेशमा बसोबास गर्ने जापानीको संख्या घट्दो

❑ नेस संवाददाता

टोकियो – जापान परराष्ट्र मन्त्रालयले २०२२ मा सार्बजनिक गरेको तथ्याङ्क अनुसार सन् २०२१ अक्टुबरसम्म विदेशमा बसोबास गर्ने जापानी नागरिकहरूको संख्या १३ लाख पुगेको छ । जुन अघिल्लो वर्षको तुलनामा घटेको तथ्याङ्क हो । विदेशमा बसोबास गर्ने जापानीको संख्या सन् १९८९ पछि २०२० र २०२१ मा लगातार घट्दो क्रममा रहेको छ । तथ्याङ्क अनुसार विदेश जाने जापानीहरू सबै भन्दा धेरै अमेरिकामा बसोबास गर्ने गरेका छन् । अमेरिकामा भएका जापानीको संख्या ४ लाख २९ हजार रहेको छ । त्यसैगरी दोस्रो ठूलो संख्या चीनमा देखिएको छ । चीनमा १ लाख सात हजार जापानीहरू बसोबास गर्दछन् । त्यस्तै तेश्रो, चौथो र पाँचौ ठूलो संख्या अस्ट्रेलिया (८२ हजार) थाईल्याण्ड (७० हजार ) र क्यानडा (६३ हजार) मा रहेको छ । सहर अनुसार हेर्दा सबैभन्दा




धेरै जापानी नागरिक लस एञ्जलसमा रहेका छन् । यस क्षेत्रमा बसोबास गने जापानीको संख्या ६७ हजार रहेको छ । त्यसपछि बैंकक (५९ हजार), न्यू योर्क (३९ हजार) र सिंगापुर (३६ हजार) मा धेरै जापानीहरूको बसोबास छ । विदेशमा बसोबास गर्ने आठ लाख सात हजार २ सय ३८ जापानीहरू दीर्घकालीन भिसामा रहेका छन् भने पाँच लाख ३७ हजार ६६२ जापानी स्थायी निवासी भिसामा रहेका छन् ।

# जापानी समाजसेवी 'ओके बाजे'को पाल्पामा चौरासी पूजा



❑ नेस संवाददाता

रामपुर – जापानबाट आएर विगत ३० वर्षदेखि पाल्पाको सामाजिक जीवनमा काम गर्दै आएका काजुमासा काकिमी ओके बाजेलाइ हिन्दु सँस्कार अनुरूप चौरासी पूजा गरिएको छ । आश्विन २३ मा कोजाग्रत पूर्णीमाको अवसर पारेर पुर्वी पाल्पाको रामपुर नगरपालिकाको गंगा माविमा पुजा आजा गरिएको हो । शिक्षा, स्वास्थ्ये तथा सामाजिक क्षेत्रमा सक्रिय काजुमासा काकिमी ओके बाजेलाई बैदिक विधी अनुरूप सहचन्द्र दर्शन एवं चौरासी पूजा सहित रामपुरमा अभिनन्दन गरिएको हो ।

उहाँको योगदानको कदर गर्दै सम्मान स्वरूप दिर्घजीवनको कामना सहित चौरासी पूजा गरी अभिनन्दन गरिएको छ । जापानमा जन्मेर पनि लामो समयदेखि नेपाली भूमिमा सक्रिय ओके बाजेको नेपाली परम्परा अनुसार ३० जना पुरोहितबाट पूजा गरिएको मुल पण्डित हरिप्रसाद खनालले जानकारी दिएका थिए । सहचन्द्र दर्शन एवं चौरासी पूजा मूल आयोजक समितिका अध्यक्ष एवं गंगा माध्यमिक विद्यालयका प्रधानाध्यापक देवराज देवकोटाले बाजेको दिर्घजीवन को कामना र उहाँको योगदानको कदर गर्दै सहचन्द्र दर्शन एवं चौरासी पूजा गरिएको बताए । उनले यस क्षेत्रको शैक्षिक संस्था, स्वास्थ्य संस्था, सामाजिक संघ संस्थाको पूर्वाधार निर्माण, खानेपानी योजना, जिविको पार्जन, बालबालिकालाई छात्रवृति प्रदान तथा निम्न आय भएका परिवारका व्यक्तिहरूको स्वास्थ्य उपचारको लागि महत्वपूर्ण सहयोग गर्दै आएका छन् । ८४ वर्ष पुगेको उपलक्ष्यमा बाजेलाई विद्यार्थी, शिक्षक तथा संघ संस्थाका प्रमुखहरूको उपस्थितिमा विहान नगर परिक्रमा समेत गराईएको थियो । सो अवसरमा विभिन्न विद्यालयहरूले स्वागत सहित सम्मान गरेको थियो । नेपाली परम्परा अनुसार पूजा गर्ने व्यवस्था मिलाएकोमा ओकेबाजेले सबैलाई धन्यवाद दिएका थिए । पाल्पालीले अपार मायाँ र स्नेह प्रदान गरेकोमा खुशी व्यक्त गर्दै निरन्तर सेवामा सक्रिय हुने बाजेको भनाई छ ।

रामपुर नगरपालिका, तानसेन नगरपालिका, निस्दी, माथागढी, बगनासकाली, पुर्वखोला, रम्भा, गाउपालिका सहित क्याम्पस, विद्यालय एवम् स्थानीय संघ संस्थाको



आयोजनामा गंगा माध्यामिक विद्यालय रामपुर ८ एक्लेटारमा चौरासी पूजा गरिएको हो । साथै पूजाको अवसरमा सम्पूर्ण विद्यालय तथा संघ संस्थाको तर्फबाट अभिनन्दन गरिएको थियो । कार्यक्रमको अवसरमा मगर सँस्कृतिमा आधारित कौरानाच समेत देखाईएको थियो । ओकेबाजेको पूजा तथा अभिनन्दनमा विभिन्न पालिका जनप्रतिनिधि, विद्यालय, संघ संस्था तथा नागरिकको उत्साहजनक सहभागिता रहेको थियो । अभिनन्दमा जापानी नागरिकहरूको समेत उपस्थिति रहेको थियो । गंगा माध्यामिक विद्यालयका प्रधानाध्यापक देवराज देवकोटाको अध्यक्षतामा भएको कार्यक्रम भुषालडाँडाँ माविका प्रधानाध्यापक सुन्दर श्रेष्ठको स्वागत र रामतुलसी माविका शिक्षक लेखनाथ शर्मा मरासिनीको सञ्चालनमा भएको हो ।

# नेपालको अर्ग्यानिक कफी जापान निर्यात



❑ नेस संवाददाता

टोकियो – सिन्धुपाल्चोकमा उत्पादित अर्ग्यानिक कफीमा विदेशी चासो बढेसँगै किसानले व्यावसायिक खेती सुरू गरेका छन् । जिल्लामा उत्पादित कफीको गुणस्तर भएपछि जापान, कोरिया र जर्मनीमा व्यापारीले निर्यात गर्न थालेका छन् । आउँदो सिजनमा उत्पादन हुने कफीका लागि विदेशीले 'बुकिङ' गरिरहेका छन् । पन्ध्र वर्षदेखि जिल्लाका केही भागमा सुरू गरिएको कफीखेती अहिले ३२ गाउँमा विस्तार भइसकेको छ । जिल्लाका विकट गाउँमा उत्पादित अर्ग्यानिक कफीले अन्तर्राष्ट्रिय बजारमा उच्च माग पाएपछि व्यवसाय लागतअनुसार मूल्य पाउन सकिएको किसान सुदर्शन बोलखे बताए ।

गत वर्ष १८ मेट्रिक टन पाचमेन्ट र पाँच मेट्रिक टन चेरीकफी जापान, कोरिया र जर्मनी निर्यात भएको जिल्ला कफी सहकारी संस्थाका अध्यक्ष भूपेन्द्र भण्डारीले जानकारी दिए । प्राङ्गारिक प्रमाणीकरण गरी पठाइएको कफी विदेशी बजारमा गुणस्तरीय ठहरिएपछि माग बढेको हो ।

अन्तर्राष्ट्रिय बजार र नेपालका ठूला सहरमा निर्यात हुन थालेपछि किसानले ६४ कफी उत्पादन समूह गठन गरिसकेको संघका व्यवस्थापक मन्दु थापाको भनाइ छ । उनका अनुसार उत्पादित कफी जिल्ला कफी सहकारी सङ्घले संयोजन गरी विदेश निर्यात गर्दै आएको छ । किसानले वार्षिक रू एक करोडभन्दा बढी जिल्ला भित्र्याउँदै आएका छन् । कफीखेतीमा जिल्लाभरका दुई हजार एक सय ५० किसान आबद्व छन् । उत्पादित कफीको माग बढ्न थालेपछि उत्पादनस्थलमै प्रशोधन गर्न प्रशोधन केन्द्र स्थापना गरिएको छ ।

विगत लामो समयदेखि कफीखेती गर्दै आएका मेलम्ची नगरपालिका-१० शिखरपुरका श□र खनाल कफी व्यवसायकै भरमा परिवार पाल्न सक्षम भएका छन् । गाउँभरि कोदो र मकै रोप्ने बारीमा कफीका बिरूवा ल्याएर लगाउन थालेपछि खनालका छिमेकी अचम्मित भएका थिए । पछि कफी उत्पादन गरी बिक्री गर्न थालेपछि भने छिमेकीमा पनि कफी लगाउने रहर जाग्न थाल्यो । फलत: खनालका छिमेकीहरु पनि कफीखेती गर्न अग्रसर हुन थाले । गाउँलेले पनि कफी रोप्न मन लागेको बताएपछि आफूले नै बिरूवा उत्पादन गरेको उनले बताए । कफीखेतीमा प्रशस्त जानकारी हासिल गरिसकेका उनले सुरूमा काम गर्न कठिन भए पनि बिरूवाले उत्पादन दिन थालेपछि खुसी लागेर काम गर्न हौसला मिल्ने बताए । कफीका बिरूवामा रोग लाग्दासमेत सावधानीपूर्वक उपचार गरेर उत्पादन लिन सक्नुपर्ने खनालको अनुभव छ ।

भिसा प्रोसेस कसरी गर्ने भन्ने चिन्तामा हुनुहुन्छ?

इमिग्रेशन र भिसासंग सम्बन्धित कामका लागि समस्यामा हुनुहुन्छ भने हामी साथ दिन्छौं । विदेशीहरुले जापानमा काम गर्न या जीवन यापन गर्नका लागि बिधिवतरुपमा प्रक्रिया गर्नु आवश्यक हुन्छ । त्यसका लागि बर्षौंको अनुभवले खारिएका सम्बन्धित बिषयका ज्ञाताहरुबाट सेवा लिने अवसर नगुमाउनुहोला ।

- ✔ वर्किङ भिसा
- ✔ अन्तरराष्ट्रिय बैबाहिक भिसा
- ✔ एइजुकेन (पर्मानेन्ट रेसिडेन्ट)
- ✔ सम्झौतापत्रको तयारी
- ✔ कम्पनी दर्ता (बिजनेश भिसा)
- ✔ नेपालबाट डिपेन्डेन्ट (आश्रित)
- ✔ जापानी पासपोर्ट (खिका)

Scan to Visit Our Website



AIKYO VISA OFFICE
あいきょう行政書士事務所
Higashi Funabashi 4-30-8 (207) Funabashi-Shi
Chiba-Ken, 273-0002 Japan

Tel: 047-409-8028
Fax: 047-409-2078
Mobile: 070-3977-8316(Viber)
Messanger: m.me/koichiaikyo
Email: support@aikyo-gyosei.jp/
Web: https://visa.aikyo-gyosei.jp/

कोवायासी भिसा सर्भिस
सेवाहरू (Services)

| | |
|---|---|
| भिसा नवीकरण | लाग्ने खर्च: 9,800 येन् |
| स्थायी भिसा (एईज्यु) | लाग्ने खर्च: 50,000 येन् |
| भिसाको प्रकृति परिवर्तन | लाग्ने खर्च: 35,000 येन् |
| नयाँ भिसा सम्बन्धी काम | कुकको लाग्ने खर्च: 50,000 येन्<br>डिपेन्डेन्टको लागि: 50,000 येन् |
| कम्पनी स्थापना | लाग्ने खर्च:आपसी सहमतीमा तय गरिने |

नेपाली, अंग्रेजी, हिन्दी, जापानी भाषामा कुरा गर्न सकिने
सस्तो सुलभ, छिटो सेवाका लागि हामीलाई सम्झनुहोस्

Contact for Details
Tokyo Taian Gyouseisyoshi Office
Tel.: 03-6279-3353
Fax.: 03-6908-5805
Mob.: 080-4186-2102 (Softbank)
(Time: 10:00 AM-20:00 PM)
Shinokubo Lions Mansion
409, 2-4-5 Hyakunicho,
Shinjuku-ku, Tokyo, Japan



हिरोनारी कोवायासी
http://www.tokyotaian.com

## जापानमा कामदार ...

»» पृष्ठ १ को बाँकी

छ । विभागमा इजरायल हेर्दै आएका निर्देशक डम्बरबहादुर सुनुवारलाई नै जापान हेर्ने गरी अधिकारी तोकिएको छ । उनले त्यसका लागि आवश्यक प्रक्रिया अगाडि बढाइसकेका छन् ।

कामदार छनौटको मापदण्डको मस्यौदा तयार भएको र मन्त्रिपरिषदबाट पारित भएपछि कार्यान्वयनमा आउने उनको भनाइ छ । दुवै देशका लागि तोकिएका अधिकारीहरूले काम थालिसकेको वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्यले जानकारी दिए ।

कामदार छनौटको प्रक्रिया के कसरी र कुन ठाउँबाट थाल्ने भन्ने विषयमा समेत विभागले छलफल थालेको छ । विभागले यस अघि इजरायलको लागि भैसेपाटीस्थित व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानबाट गरेको थियो । जापान र बेलायतका लागि पनि त्यहीबाट गर्ने विषयमा छलफल भएको उनको भनाइ छ ।

त्यसका लागि आफूहरु तयार रहेको र मन्त्रालयले मापदण्ड तयार पारेपछि काम थाल्ने बताए । 'हामी त तम्तयार छौं । मापदण्ड भयो भने पो काम गर्न सकिने हो । स्वास्थ्यसम्बन्धी कस्तो मापदण्ड चाहियो, अंग्रेजी कस्तो चाहियो ? स्किलको विषय के हो जस्ता कुरा चाहिन्छ । हामी त्यही पर्खेर बसेका छौं ।' उनले भने, 'आन्तरिक तयारी थालेका छौं । वेबसाइट बनाउने, अफिसको सेटअप लगायतका काम अघि बढाइसकेका छौं । मन्त्रालयबाट मापदपण्ड पारित भएर आएपछि आवेदन आह्वान गरेर काम थाल्छौं ।'

२० वर्ष पुरा गरेका ४५ वर्ष ननाघेका नसिपसिपपिर्सिहरु बेलायत जान पाउनेछन् । नेपाल नर्सिङ काउन्सिलबाट लाइसेन्स लिएर दुई वर्षको कार्य अनुभव लिएका नर्सहरु बेलायत जान पाउनेछन् । जापानको हकमा सन् २०१९ को मार्चमा नेपाल र जापानबीच नेपाली कामदार लैजाने विषयमा श्रम समझदारी पत्रमा हस्ताक्षर भएको थियो । उक्त समझदारी पत्र (मेमोरेण्डम अफ को-अप्रेशन अर्थात् एमओसी) ले नेपालबाट स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्लु) अर्थात् निर्दिष्ट सीपयुक्त कामदार जापानमा रोजगारीका लागि जान पाउने भन्ने थियो ।

सो सम्झौतामा जापानले गर्नुपर्ने काम र नेपालको तर्फबाट गर्नुपर्ने विषय तोकिएको थियो । आ□नो भागमा परेको काम जापानले पुरा गर्दै गयो । तर, नेपालले पुरा गर्न सकेन । जसले गर्दा अहिलेसम्म साढे ५ हजार भन्दा बढी नेपालीहरू भाषा र सीप परीक्षा उत्तीर्ण गरेर पनि जापान जान पाएका छैनन् । नेपालले त्यसका लागि आवश्यक पर्ने निर्देशिका तयार पारेको र चुनावपछि प्रक्रिया अघि बढ्ने मन्त्रालयका सहायक प्रवक्ता डा. थानेश्वर भुसालले बताए ।

मन्त्रालयले जी टु जी मार्फत बेलायत पठाउने नेपाली स्वास्थ्यकर्मीको छनोट, पदस्थापना र सेवा सुविधासम्बन्धी प्रोटोकलको मस्यौदा तयार गरेको हो । यो मस्यौदा मन्त्रिपरिषदले पारित गरेसँगै प्रक्रिया अघि बढ्ने उनको भनाइ छ । पहिलो चरणमा करीब २ सय जना नर्सहरूलाई बेलायतमा पठाइनेछ । त्यसका लागि चुनावपछि मात्रै प्रक्रिया अघि बढ्ने मन्त्रालयले जनाएको छ । जनवरी २०२३ बाट बेलायतमा पठाइने नर्सका लागि आवेदन माग गर्नेगरी कार्यतालिका बनेको थियो । उक्त मापदण्डले तोक्ने व्यवस्था अनुरूप योग्य ठहरिएका नर्सहरु रोजगारीका लागि बेलायत जान पाउनेछन् । गत ६ भदौमा नेपाल सरकार र बेलायत सरकारबीच बेलायतमा नेपाली स्वास्थ्यकर्मीलाई रोजगारी दिने सम्बन्धी श्रम समझदारी पत्रमा हस्ताक्षर भएको थियो ।

## निर्वाचन भयरहित ....

»» पृष्ठ १ को बाँकी

**राष्ट्रिय स्वतन्त्र पार्टीबाट ललितपुर-३ की उम्मेदवार डा. तोसिमा कार्कीको उम्मेदवारी खारेज गर्ने आयोगको निर्णय निकै आलोचित भयो, कार्कीले चुनावी कार्यक्रम शुरु हुनुअघि नै उम्मेदवार बन्ने आफ्नो योग्यता प्रस्ट पारिदिन लेखेको चिठीको जवाफचाहिँ नदिने, उम्मेदवारीचाहिँ खारेज गर्दिने ? यो न्यायसंगत भयो र ?**

निर्वाचन आयोगले कसैलाई पनि उम्मेदवार बन्नका लागि योग्य वा अयोग्यको अग्रिमरूपमा प्रमाणपत्र दिन मिल्दैन । उम्मेदवारी दर्ता नभएसम्म सबै मतदाता हो, नेपाली नागरिक मात्रै हो । कसैले उम्मेदवारी दिएपछि उहाँको विषयमा आयोगले स्वयं प्रश्न उठाउन मिल्दैन । अर्को उम्मेदवारले प्रश्न उठाउन पाउँछ र त्यो प्रश्नको निरूपण निर्वाचन अधिकृतको कार्यालयले गर्छ । त्यो व्यक्ति त त्यहाँबाट उम्कियो तर ऊ अयोग्य छ भन्ने कुरा अरू कसैलाई लाग्यो भने सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उजुरी पर्छ र त्यसको आधारमा अन्तिम परिणाम घोषणा नभएसम्म आयोगमा निर्णयको निम्ति आउँछ । अयोग्य भनिएको मानिसले निर्वाचन जिते पनि पाँच वर्षसम्म उसको घाँटीमाथि अयोग्यताको प्रमाण झुण्डिरहेकै हुन्छ । जहाँसम्म डा. तोसिमा कार्कीको कुरा गर्नुभयो, उहाँको हकमा योग्य वा अयोग्यको विषयमा निर्णय गर्नुपर्छ भनेर आयोगले निर्णय गरेको हो । स्थानीय तहको निर्वाचनमा यस्तै प्रकृतिका उठेका विषयबारे अदालतबाट भएका आदेश र फैसलामा टेकेर तथा अहिलेका मौजुदा कानूनलाई समेत समातेर सो निर्णय गरिएको हो । सार्वजनिक पदमा रहेको व्यक्ति उम्मेदवार बन्न पाउँदैन भन्ने व्याख्याको विषयमा अदालतमा फेरि पनि प्रश्न उठेकाले निर्वाचन आयोग यसलाई अब कहिल्यै नबल्झिने गरी यसको व्याख्या होस् भन्ने चाहनासहित आयोग अदालतमा गएको छ ।

**विभिन्न गम्भीर अपराधका अभियुक्तहरूसमेत चुनावमा उम्मेदवार बन्ने क्रम बढ्दो छ । कानून निर्माण गर्ने थलोमै उल्लंघनको अभियोग खेपिरहेकाको उपस्थितिले कस्तो असर गर्ला ? नियन्त्रण गर्न सकिँदैन ?**

कसैले उम्मेदवारी दिइसकेपछि योग्यता पुगेको उम्मेदवारका विषयमा आयोगले प्रश्न उठाउन सक्दैन, कानूनी प्रावधानअनुसार निर्वाचनसम्बन्धी कानूनमा सजायँ पाएको व्यक्ति सजाय भुक्तान गरेको २ वर्षपछि उम्मेदवार हुन योग्य हुन्छ । भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन, लागुऔषधजस्ता मुद्दा, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग यस्ता नैतिक पतन देखिने कसुरमा जन्मकैदको सजाय पाएको छ भने २० वर्ष कैद सजाय पाएर भुक्तान भएपछि उम्मेदवार हुन सक्ने व्यवस्था छ । त्यस्तै, संगठित अपराध, कर्तव्य र ज्यान मुद्दामा सजाय भोगेको ६ वर्षपछि फेरि उम्मेदवार हुन पाउँछ भनेको छ । यीलगायत सबै कुरा, सबै मानिसले कहाँ-कहाँ के-के अपराध गरेको छ, कसैले सजायँ पाएको छ कि छैन भनेर आयोगले सबै हेर्न त सक्दैन ।

**चर्चित उम्मेदवारलाई छानीछानी स्पष्टीकरण सोधिएको छ, स्पष्टीकरण मात्रै हो कि कार्यान्वयनको चरणमा पनि आयोग अघि बढ्छ ?**

नैतिक र कानूनी बन्धनलाई चुँडाल्ने दुस्साहस गर्‍यौं भने स्वाभाविक रूपले स्पष्टीकरणबाट सुरू भएको कारबाही सचेत गराएर पनि टुंगिन सक्छ । कुनै पनि प्रमाण भेटिएन भने त्यसलाई त्यत्तिकै टुंग्याइदिन पनि पाइन्छ तर गरेको हो भन्ने प्रमाण फेला गर्‍यो भने दण्ड जरिवानाको प्रक्रियामा पनि जान्छ । यो पल्ट आचारसंहिताको कार्यान्वयनमा ७७ वटै जिल्लाका अनुगमन अधिकृत, प्रमुख जिल्ला अधिकारी, जिल्ला निर्वाचन अधिकारी, मुख्य निर्वाचन अधिकृतले समेत स्पष्टीकरण सोधेर कारबाही अगाडि बढाउन सक्ने गरी व्यवस्था गरिएको छ । तर अन्तिम कारबाहीको निर्णय आयोगले मात्र गर्न सक्छ । हामी आचारसंहिता उल्लंघनमा कारबाही हुन्छ र हुनुपर्दछ भन्ने मानक स्थापित गर्छौं ।

**तर तपाईंको तदारुकता पत्र काट्नमा देखिन्छ, कार्यान्वयनमा चाहिँ आयोग अक्षम छ भन्ने आरोप छ नि ?**

आरोप त जसरी लगाए पनि हुन्छ । स्थानीय तहको निर्वाचनमा चिठी काटेर एक लाख २३ हजार जनालाई जरिवाना गरिसकेपछि 'आयोग धेरै कडा भयो' भन्ने आरोप खेपिरहेका छौं । आचारसंहिता र निर्वाचन कानूनविपरित गएका स्थानीय तहका पदाधिकारीहरूले जरिवाना बुझाउनु भएन भने अबको ६ महिनापछि पद नै जान्छ । मलाई लाग्छ, त्यतिखेर ३, ४ हजारकै पद जान सक्छ । त्यतिबेला पनि आयोग धेरै कडा भयो भन्ने प्रतिक्रिया र आरोपहरु हामीले झेल्नुपर्ने होला । 'उपनिर्वाचन गर्नुपर्ने भयो, अनावश्यक खर्च गर्नुपर्ने भयो' भन्ने तर्क आउला । गत स्थानीय तहको निर्वाचनमा हामीले आचारसंहिता उल्लंघनमा हदैसम्मको कारबाही गर्‍यौं । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पनि आचारसंहिताका दुई प्रमुख पाटा छन् । एउटा प्रवर्धनात्मक तथा प्रचारात्मक पाटो छ, लगभग अहिले यो अवधि हामीले सक्यौं । त्योभित्र स्पष्टीकरण सोध्ने लगायतका काम गरिरहेका छौं । अर्को, दण्डात्मक व्यवस्था छ । सचेत गराउनु, जरिवाना गर्नु र उम्मेदवारी खारेज गर्नु त्यसभित्र पर्छन् ।

**धेरै चिज नियन्त्रण गर्दागर्दै चुनावमा उम्मेदवारको खर्च बढेको बढ्यै छ, यसलाई नियन्त्रण चाहिँ कसले गर्ने ?**

उम्मेदवारहरु पनि खर्च गर्न पाइन्न भन्ने कुरामा सहमत हुनुहुन्छ । हामीले उहाँहरूलाई धेरै पैसा किन चाहिएको हो भनेर समेत सोधेका छौं । यदि जनताको मत किन्नलाई उहाँहरूलाई पैसा चाहिएको हो भने कार्यकर्ता र जनतालाई उहाँहरूले भाडाको व्यक्ति ठान्नुभएको छ । त्यसो भन्नुको अर्थ 'अहिलेको प्रणाली नै खराब छ, यो प्रणालीमा पैसा नभई निर्वाचन जित्न सकिँदैन' भन्ने हो । आयोगले त 'यी यी विषयमा खर्च गर्न पाइन्छ र ती सीमामा रहेर खर्च गर्नुस्' भनेकै छ । आयोगसँग उम्मेदवारहरु 'निर्देशन मान्छु' भन्छन् तर बाहिर गएर 'पैसा पुग्दैन' भन्छन् भने त त्यस्तो उम्मेदवारलाई ठाउँको ठाउँ हराउनुपर्छ । दलीय व्यवस्थामा विचार, सिद्धान्त, निष्ठा र इमानका आडमा उम्मेदवारले चुनाव लड्ने हो । पैसा र प्रलोभन देखाएर लड्ने होइन । दलको चिह्नमा भोट हाल्ने हो । अचेल संविधान र कानूनले नचिनेको 'गठबन्धन' र 'तालमेल' भन्ने शब्दहरु प्रयोग हुने गरेका छन् तर आयोगले यस्ता कुरा बुझ्दैन । दलीय व्यवस्थामा दलले निर्वाचन लड्छ । समानुपातिकतर्फबाटै ४० प्रतिशत पदाधिकारीहरु निर्वाचित भएर आउनुको अर्थ जनताले सिधै दललाई हाल्ने भोट हो । त्यसो हुँदा, जनतामाझ आ□नो विचार फैलाउनका लागि पैसा लाग्छ भनेर कसैले भन्छ भने त्यो भ्रम, झुट र फरेब हो । म के भन्छु भने, 'निर्वाचन प्रणाली महँगो भयो भन्नेहरूले संविधानको बर्खिलाप बोलिरहेका छन् । यो प्रणालीलाई उल्ट्याउन खोजिरहेका छन् । संविधान र यो प्रणाली मन नपराउनेलाई मलजल गरिरहेका छन्, निर्वाचनलाई दूषित पार्न खोजिरहेका छन् । यस्तो प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्छ ।'

**'नो नट अगेन' अभियानलाई रोक्न खोज्दा आयोग धेरै आलोचित भयो, अमुक उम्मेदवारलाई भोट देऊ भन्न पाएजस्तै नदेऊ भन्न नागरिकले किन नपाउने ?**

कसैको नामसँग आयोग कुनै पनि सरोकार राख्दैन । उसले सामाजिक सञ्जालको कुनै साइट कस्तो छ भनेर चासो राख्दैन, तर त्यहाँ राखिएका सामग्री संविधानले प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रता र निर्वाचनको स्वच्छतासँग सम्बन्धित छ कि छैन भनेर नियाल्छ । ती सामग्रीहरु सार्वजनिक प्रचारका लागि योग्य छन् कि छैनन् भन्नेमा चासो रहन्छ । लोकतन्त्रभित्र मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति घोलेर लोकतन्त्रलाई दूषित नपारौं । के अभिव्यक्ति स्वतन्त्रता भनेको कसैलाई गालीगलौज, मानहानी र खिसीटिउरी नगरेसम्म सार्थक हुँदैन र ? आयोगको भनाइ के मात्रै हो भने निर्वाचनको स्वच्छताका निम्ति सामाजिक सञ्जालको सम्मानपूर्ण र व्यापक प्रयोग गरौं । आयोगको कोही विपक्षी छैन । आलोचना गर्नेहरूसँग समेत आयोगको विश्वास छ ।

**राइट टु रिजेक्ट र राइट टु रिकलको सर्वोच्च अदालतले आदेश गरेको थियो, तर, अझै किन कार्यान्वयन हुन सकेन ?**

यो पहिला कानूनमा समावेश गर्ने विषय हो । अब बन्ने कानूनमा यो सामेल हुने आशा गरौं । त्यस्तै विदेशमा बस्ने नेपालीको मताधिकार पनि आउँदो कानूनमा समावेश हुनेछ । त्यो मस्यौदामा परेको छ । जहाँसम्म रिकल (जनप्रतिनिधि फिर्ता) बारे विभिन्न देशमा फरक-फरक अभ्यास भेटिएको छ । यो बहसमा पनि छ । यो कतैबाट निर्देशित भइसकेको विषय पनि होइन । यसले फेरि राम्रो गर्न खोज्दा बेथिती निम्त्याउने हो कि भन्ने उत्तिकै छ ।

**कतिपय दलले निर्वाचनलाई बहिष्कार गर्ने कुरा आएको छ, यसलाई आयोगले कसरी लिएको छ ?**

यो एउटा राजनीतिक विषय हो । आयोगले त सबैले मतदानमा सरिक भइदिए हुन्थ्यो भन्ने चाहना राख्दछ तर लोकतन्त्रमा निर्वाचनमा भाग नलिने अधिकार पनि हुँदोरहेछ । त्यसैले उहाँहरूले शन्तिपूर्ण ढंगले संविधान र कानूनको परिधिभित्र रहेर कुनै आह्वान वा क्रियाकलाप गर्नुभएको भए लोकतान्त्रिक मूल्य मान्यताअनुसार धेरै आपत्तिजनक विषय हुँदैन । तर आयोग के आग्रह गर्दछ भने अहिलेको यो व्यवस्थाको विकल्प भनेको यही व्यवस्थाभित्र असल खोज्ने हो, राम्रो खोज्ने हो । यो संविधानको विकल्प भनेको संविधानलाई नै प्रभावकारी ढंगले कार्यान्वयन गर्ने भएको हुँदा सानातिना बिमतिका अतिरिक्त पनि निर्वाचनको यो अभियानमा सरिक भइदिनुस् भनेर हामी आग्रह गर्दछौं । निष्क्रिय वा सक्रिय ढंगले सरिक हुन सकिन्छ, कुनै पनि कुरा नबोली पनि कार्यान्वयन गर्न सकिन्छ, धेरै बोलेर पनि कार्यान्वयन गर्न सकिन्छ । शैली आ□नो अवलम्बन गर्नुस् तर आवधिक निर्वाचनमा जनताको मतदान गर्न पाउने अधिकारलाई कुण्ठित गर्ने हिसाबले कुनै पनि काम नगरिदिनुस् भनेर हामी आग्रह गर्छौं ।

शक्तिशाली व्यक्तिबाट चुनावमा बलज□ती गर्ने कुरामा आयोग निरिह हुन्छ कि भन्ने धेरैलाई चिन्ता छ, कस्तो खालको तयारीमा हुनुहुन्छ ?

स्थानीय चुनावमा केही ठाउँमा अलिकति अमूर्त ढंगले अमुक व्यक्ति परिचालन गरेर निर्वाचन प्रभावित पार्ने खालका क्रियाकलाप भए भन्ने सुन्यौं । सुनेको भरमा प्रमाण नभई आयोग जान पनि मिलेन । सबैले दायित्व र जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरियो भने ठीक हुन्छ । हामीले निर्वाचनको व्यवस्थापन राम्ररी गरेका छौं । र, मतपत्र च्यातेर, स्वीच दबाएर र अँध्यारो पारेर चुनाव जितिन्छ भन्ने मानसिकता हार्नुपर्छ भनेको हुँ । मलाई राम्ररी थाहा छैन र मतपत्र च्यात्न सकिन्छ भनेर । त्यो कुनै फलामको मतपत्र बनाउन मिलेन । अब फेरि त्यही मनोवृत्ति र सोच राख्ने हो भने चुनावमा नगए पनि हुन्छ । लोकतन्त्रले यस्तो भन्छ कि गज्याङगुजुङ गरेर चुनाव जित्ने मानसिकता त्याग्दा हुन्छ । हिम्मतै नगरे हुन्छ ।

**राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन कहिलेसम्म हुन्छ ?**

फागुन मसान्तभित्र राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न हुन्छ । मंसिरको २२ गतेभित्र प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको अन्तिम मतपरिणाम तयार गरी सोको प्रतिवेदन बुझाइसक्नेछ, जसले नयाँ सरकारको गठनका लागि मार्गप्रशस्त गर्नेछ । यो सँगसँगै स्वाभाविक रूपले नयाँ अधिवेशन आह्वान हुनेछ, अधिवेशन आह्वान हुनासाथ उहाँहरूले शपथ गर्ने बित्तिकै राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको निम्ति आयोगले मतदाताहरु पाउनेछन् । मतदाता पाउनासाथ हामीले अहिलेको राष्ट्रपतिको पदावधि समाप्त हुनुभन्दा कम्तीमा १५ दिन अगावै नयाँ निर्वाचित राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्ने गरी तयारी गरेका छौं ।

**अन्त्यमा, आयोगको तर्फबाट सरकार, राजनीतिक दल र सरोकारवालालाई के भन्न चाहनुहुन्छ ?**

निर्वाचन भनेको निर्वाचन आयोगको नेतृत्व हो तर दायित्व सबैको हो । निर्वाचनले भोलिको हाम्रो शासन कता जान्छ भने कुरा निर्दिष्ट गर्छ । त्यसकारण यति महत्वपूर्ण अभ्यासमा जस-जसको जेजे भूमिका छ तदनुसार काम गरिदिनुहोस् । विशेष गरेर राजनीतिक दल र उम्मेदवारलाई भन्नु छ- आयोगले एउटा कुरा स्थापित गर्दैछ यो निर्वाचन र अब आउने निर्वाचनमा कुनै पनि । प्रलोभन, पद र पैसाले निर्वाचनलाई प्रभावित पार्नुहुँदैन । निर्वाचन निष्ठा, विचार, सिद्धान्त र इमानले जितेको छ भनेर प्रमाणित गर्नुपर्छ । यो प्रमाणित गर्ने गरी सबैले निगरानी गरिदिनुस्, खबरदारी गरिदिनुस् । निर्वाचन भनेको एक किसिमको ब्याड हो । निर्वाचनको ब्याड जति राम्रो हुन्छ, त्यति गतिलो बिरूवा उम्रिने हो र त्यति राम्रो फल लाग्ने हो । यो कुरालाई स्थापित गर्न सबै क्षेत्रबाट प्रयास होस् । हामी त्यही चाहन्छौं ।







# जापान आउँदा साथमा के ल्याउन पाईन्छ, के पाईंदैन ?

## हेल्लो सेन्सेइः ५६



टोकियो–जापानमा रहेका नेपालीहरूका लागि भिसा, यहाँको करप्रणाली, व्यवसायिक कारोवारको लेखा व्यवस्थापन र सो संग सम्बन्धित लाग्ने कर लगायतका विविध बिषयमा जानकारी होस भन्ने उद्देश्यले सुरू गरिएको स्तम्भ 'हेलो सेन्सेइ !' यस पटक हामी जापानको भन्सार प्रणाली र आयात निषेधित वस्तुहरूका बारेमा जानकारी गराउने प्रयास गरेका छौं । जापान प्रवेश गर्दा विदेशबाट ल्याईएने केही निश्चित वस्तुहरूमा कर लाग्छ भने केही त्यस्ता वस्तुहरु पनि छन् ति जापानमा ल्याउन पाईदैन । जापान प्रवेशको क्रममा अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमनको चेकजाँच भईसकेपछि आफ्नो ब्यागेजको भन्सारमा पुनः चेकजाँच गर्नुपर्छ । यसपटकको शृङ्खलामा जापानको भन्सारमा सामान चेकजाँच गर्दा अपनाईने नियमहरूका बारेमा प्रकाश पार्ने जमर्को गरिएको छ । सबैलाई अवगतै भएको कुरो हो जापान आउने क्रममा विमानका कर्मचारीहरूले सामान घोषणा फारम हस्तान्तरण गरेका हुन्छन् । यस कागजातलाई आफुले साथमा लिएर आएका सामानहरूको विवरण बारेको घोषणा फाराम भनिन्छ ।

जापानमा ल्याउन नपाईने वस्तुहरूमा लागूऔषध, बन्दुक लगायतका हातहतियारजन्य वस्तु, विस्फोटक पदार्थ, नक्कली नोट, अश्लील पत्रपत्रिका, बिक्रीबितरण प्रयोजनका लागि ब्रान्डेड भनिएका नक्कली सामानहरू आदि जापानमा ल्याउन पाईदैन । यस्ता सामानहरू ल्याईएको पाईएमा जापानको भन्सारद्वारा जफत हुन्छ ।

यसै वर्षदेखि ब्रान्डेड भनिएका तर नक्कली वस्तुहरु अनलाइनको माध्यमबाट विदेशबाट खरिद गरी जापानमा बिक्रीबितरण गर्न र व्यक्तिगत प्रयोजनका लागि पनि प्रतिबन्ध लगाईएको छ । अनलाइनमा खरिद गरी जापान मगाईएमा यस्ता सामानहरु जापानको भन्सारले जफत गर्दछ । जफत गरिएका यस्ता सामानको हर्जाना पाईदैन ।

१. निम्न खाद्य सामग्रीहरूको हकमा जापान प्रवेशअघि आफ्नो देशको अध्यागमनमा अनिवार्य पूर्वजानकारी गराउनुपर्दछ । मासु, तरकारी, फलफूल, जनावर, बोटबिरूवा आदि । यी सामानहरू साथमा लिएर आउनुपरेमा पूर्व जानकारी गराई चेकजाँच गर्नुपर्दछ र जापानको अध्यागमनलाई बुझाउने घोषणा फाराममा ती सामानहरूको विवरण स्पष्ट उल्लेख गर्नुपर्दछ ।

२. उपहारका लागि वा ब्यक्तिगत जुनसुकै प्रयोजनका लागि भएता पनि मासुजन्य वा फलफूल जस्ता सामानहरूको निरीक्षण प्रमाणपत्र आवश्यक पर्दछ । यदि निरीक्षण प्रमाणपत्र छैन भने यसलाई जापानमा ल्याउन पाइने छैन ।

३. मासुजन्य खाद्यवस्तु सम्बन्धमा गोरू, कुखुरा, सुँगुर र भेडा जस्ता जनावरको मासुलाई निरीक्षण प्रमाणपत्र आवश्यक पर्दछ, चाहे त्यो काँचो मासु, ह्याम, ससेज, अन्य पकाएको मासु होस् वा जमेको फ्रोजन होस् ।

४. फलफूलजन्य खाद्यवस्तु सम्बन्धमा आँप, अम्बा, लिची, खुर्सानी आदिका लागि जापान प्रवेश गर्दा परीक्षण प्रमाणपत्र आवश्यक पर्दछ ।

५. बोटबिरूवा सम्बन्धमा, बोटबिरूवाको अतिरिक्त, काटिएको फूललाई पनि निरीक्षण प्रमाणपत्र चाहिन्छ । यदि निरीक्षण प्रमाणपत्र छैन भने त्यस्ता वस्तुहरू भन्सारले जफत गर्ने छ ।

६. जापान प्रवेश गर्दा करमुक्त वस्तुहरूमा, रक्सी ३ बोतल सम्म (प्रति बोतल ७६० एमएलसम्म), चुरोट २०० खिल्ली, परयूम (सुगन्धित वस्तु) २ औंस (५६ एमएलसम्म)

यसैगरी अन्य वस्तुहरूको हकमा करीव २ लाख येन मुल्य बराबरको सामानमा कर लाग्दैन । एउटै वस्तुको मुल्य १० हजार येन वा कम भए पनि कर लाग्दैन । उदाहरणका लागि १ हजार येन मुल्य बराबरको ९ वटा प्याकेट चकलेट र ५ हजार येन मुल्य बराबरको एउटा नेकटाइ छ भने कर लाग्दैन ।

माथि उल्लेख गरिएको भन्दा बढि छ भने कर लाग्ने छ । यदि व्यवसायिक प्रयोजनका लागि हो भने २ लाख येन मूल्य बराबर भन्दा कम भएता पनि कर लाग्ने छ । यसका साथै साथमा १० लाख येन भन्दा बढी नगद वा १ किलोग्राम भन्दा बढी सुन छ भने पूर्व जानकारी गराउनुपर्ने छ । यसैगरी विदेशबाट जापानमा उपहार पठाउँदा अन्तर्राष्ट्रिय मेल मार्फत अनकम्प्यान्ड ब्यागेज को प्रक्रिया अपनाएर पठाउनुहोला ।

Resource Person: Ogawa Bunkei
Translated by: Bishnu Tiwari
Licensed tax accountant,
Gyoseisyoshi Lawyer
Email: ogawa@saitama-kaikei.net or
samudra@samudrapari.com
Tel: 03-6903-8817 Mob.070-4339-4972

## जापानमा होमलेसको संख्या ३ हजार ४ सय



❑ नेस संवाददाता

टोकियो – स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले गरेको एक सर्बेक्षणबाट जापानमा अहिले तीन हजार ४ सय ४८ जना घरवारविहिन (होमलेस) हरू रहेको थाहा लागेको छ । जसमध्ये तीन हजार १ सय ८७ जना पुरूष र १ सय ६२ जना महिला रहेका छन् ।

होमलेस मध्ये केहि विभिन्न पुलमुनि, कार्डबोर्डको बक्सामा, पार्क र खोला किनारमा पाल टाँगेर बस्ने गर्छन् । त्यस्तै धेरैजसो भने नेट क्याफेका शरणार्थी हुन् ।

जापानको राजधानी टोकियो र ओसाका विश्वमै विकसित र धनी सहरको रूपमा चिनिन्छ । तर पनि तथ्याङ्कअनुसार टोकियोमा ७ सय ७० र ओसाकामा ९ सय ६६ घरबारविहीन (होमलेस) मानिस बस्दछन् । जापानका होमलेसहरू मध्ये धेरैले सन् २००८ को आर्थिक मन्दीको समयमा रोजगार गुमाएको र ५० बर्ष उमेर समुहकाहरूले भने उमेरको कारण काम पाउन गारो भएको सर्बेक्षणको क्रममा बताएका छन् । विश्वका अन्य देशसंग तुलना गर्ने हो भने चाँही जापानमा रहेको होमलेसको संख्या ज्यादै थोरै हो । विश्वभरमा करीब १५ करोड मानिस घरबारविहीन रहेको अनुमान गरिएको छ ।


# 特定技能 तोकुतेइ गिनोउ (SSW) भिसामा 特定技能

# काम गर्न ईच्छुकहरुका लागि हार्दिक स्वागत



जापानमा खाद्य तथा पेय पदार्थहरूको उत्पादन क्षेत्रमा कामदारहरूको अभाव भईरहेको र भविष्यमा यो समस्याले अझ विकराल रूप लिने कुरा सहजै अनुमान गर्न सकिन्छ । कार्यक्षेत्रहरूमा मेशिनको प्रयोग हुने बाहेकका सुक्ष्म कामहरू जस्तै उपयोगजन्य वा उपयोग नहुने वस्तु छनौट गर्दा अझै पनि मान्छेकै भर पर्नुपर्ने अवस्था विद्यमान छ । **K-LINE Group** मा निम्न अनुसारको वातावरणमा तोकुतेइ गिनोउ भिसा अन्तरगत कामदारहरूको धमाधम भर्ना भईरहेको छ । ईच्छुकहरूले तुरुन्त सम्पर्क गर्नुहोला ।

१. कामको अनुभव नभएका कामदारहरू धेरै छन तर कामको कारण समस्यामा परेको बेलामा नेपाली भाषामा नै सजिलैसंग सोधपुछ गर्न सकिने वातावरण उपलब्ध छ ।
२. हाल कार्यरत धेरैजसो कामदारहरू नेपालीहरू भएकोले एक आपसमा सजिलैसंग संवाद गर्दै काम गर्न सकिन्छ ।
३. कार्यस्थलमा उज्यालो तथा काम गर्न सहज वातावरण उपलब्ध छ ।

आउँदो डिसेम्बर महिनाको सुरुमा यस बर्षको तेश्रो पटकको परीक्षाको लागि आबेदन दिने म्याद समाप्त हुने भएकोले जापान मै रहनुभएका र तोकुतेइ गिनोउ भिसाको परीक्षा दिन ईच्छुक व्यक्ति वा विद्यार्थी भिसामा रहनुभएकाहरूले यथाशिघ्र फाराम भरी परीक्षा दिनुहोला । हाल नेपाल फर्किएका तर तोकुतेइ गिनोउ भिसामा जापान आउन ईच्छुक व्यक्ति कोहि हुनुहुन्छ भने पनि यस कम्पनीले सहजीकरण गर्ने भएकोले भिडियो अन्तर्वार्ताको माध्यमबाट पनि हामीलाई सम्पर्क गर्न सक्नुहुने छ । एकपटक अवश्य सम्पर्क गर्नुहोला ।

पार्ट टाइम काम गर्न ईच्छुकहरूका लागि पनि काम उपलब्ध छ ।

**फोनः**
03-3358-4075 (जापानी भाषा)
080-5433-9651 (नेपाली भाषा-निराजन)
070-3619-2460 (नेपाली भाषा-चन्द्र)

**Line/Viber Ok**
Facebook:job K-line Primeira
E-Mail:kts-tokyo@primeira.jp
होमपेजः www.k-linegroup.co.jp


*Published by: GMT International Co. Ltd., Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314, Email: samudraparinews@gmail.com, 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073*
*Editor in chief: Tilak Malla*